लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ४, अंक १७, २०७८ भाद्र (Year 4 , Issue 17, August, 2021)

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष ५८ औं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल ।

४ भाद्र, २०७८

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम "महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, २०७८" राष्ट्रपति भवन, शीतल निवासमा आयोजित एक समारोहका बीच पेश गर्नुभएको छ ।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको अन्तिम लेखापरीक्षण पश्चात् तयार भएको "महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, २०७८" पेश गरेकोमा धन्यवाद व्यक्त गर्नुभएको थियो । उपलब्ध सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक उपयोग, प्रभावकारी परिचालन, खर्चमा मितव्ययिता, पूर्वाधार निर्माण, नागरिक केन्द्रित सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धन लगायत सार्वजनिक

बांकी पृष्ठ ३ मा

यसभित्र .....

क्र.सं.	विषय	पृष्ठ
१	महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा उल्लेख भएका मुख्य व्यहोरा एवं तथ्याङ्क	४
२	महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना तर्जुमा गोष्ठी सम्पन्न	१०
३	सार्वजनिक संस्थानमा खटाइएका लेखापरीक्षकलाई निर्देशन	११
४	लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्न	१५
५	महालेखापरीक्षकको कार्यालयको ६३ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न	१७
६	युएन/इन्टोसाइको २५ औं सिम्पोसियममा माननीय महालेखापरीक्षकज्यूको सहभागिता	१८
७	माननीय महालेखापरीक्षकज्यूले विभिन्न अवसरमा कार्यालयका कर्मचारीलाई दिनुभएको शुभकामना सन्देश	१९

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री बाबुराम गौतम

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सदस्य
निर्देशक
श्री नेत्र प्रसाद पौडेल
लेखापरीक्षण अधिकारी
श्री सन्तोष सापकोटा
श्री मुकुन्द घिमिरे

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oag.nep@ntc.net.np
info@oag.gov.np
Website:oag.gov.np

नोटिस बोर्ड नं.
१६१८०१४२५३२७०

सम्पादकीय.....

नेपालको संविधानको धारा २४१ अनुसार संघ, प्रदेश र स्थानीय तह लगायत तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष मिति २०७८ भाद्र ४ गते माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन पेश गर्नुभयो । त्यसैगरी, धारा २९४ (३) बमोजिम प्रदेशको काम कारवाही सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख र लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यस वर्ष ६९४ र गत वर्षको बक्यौता ५ समेत ६९९ स्थानीय तहको छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् । त्यसका सारभूत विषयहरु समावेश गरी सारांश प्रतिवेदन समेत तयार गरिएका छन् ।

हामी तेश्रो रणनीतिक योजना सम्पन्न गरी अहिले चौथो रणनीतिक योजना तयारीको चरणमा रहेका छौं । रणनीतिक योजनामा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायत्तता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास र सरोकारवालाहरुसँगको सम्बन्ध सुधार जस्ता विषयहरु समावेश गरिएका छन् । त्यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुसँगको कार्यसम्पादनको आवधिकरुपमा मूल्याङ्कन गर्ने प्रचलन अनुसार थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट कार्यसम्पादन मूल्याङ्कन (Performance Measurement) भई सोको मस्यौदा प्रतिवेदन प्राप्त भएको छ । उक्त प्रतिवेदनले औंल्याएका मध्ये उच्चस्तरको कार्यसम्पादन भएको क्षेत्रको उच्च अङ्क कायम राख्दै न्यून अङ्क प्राप्त भएका क्षेत्रमा कार्ययोजनासहित सुधार गर्नुपर्ने देखिन्छ ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र निकायगत रुपमा जारी हुने लेखापरीक्षण प्रतिवेदनहरुमा औंल्याइएका...

बाँकी पृष्ठ ९ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा संघ प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यस वर्षको नियमित र सोभन्दा अघिका लेखापरीक्षण गर्न बाँकीसमेत यस वर्ष ५ हजार ४६२ निकायको आर्थिक कारोबारको लेखापरीक्षण गरी लेखापरीक्षण नतिजा, निष्कर्ष र सुझाव समावेश गरी ५८ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको लागि जोखिममा आधारित लेखापरीक्षण विधि प्रयोग गरी स्थलगत तथा दूर लेखापरीक्षण पद्धतिको अवलम्बन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षण मानदण्ड र लेखापरीक्षणका असल अभ्यास समेतको अनुशरण गरिएको छ ।

यस वर्ष ३ हजार ७९ संघीय सरकारी निकाय र कार्यालयको रु. १५ खर्ब ५५ अर्ब ८१ करोडको लेखापरीक्षणबाट रु. ४४ अर्ब ३९ करोड (२.८६ प्रतिशत) र प्रदेश निकाय र कार्यालय १ हजार १९ को रु. २ खर्ब ३७ अर्ब ४१ करोडको लेखापरीक्षणबाट रु. ६ अर्ब ५० करोड (२.७४ प्रतिशत), ५८४ समिति तथा अन्य संस्थाको रु. १ खर्ब ६३ अर्ब ५७ करोड लेखापरीक्षणबाट रु. १२ अर्ब ६६ करोड (७.७४ प्रतिशत) र ६९९ स्थानीय तह (५ वटा बक्यौता समेत), को रु. ८ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षणबाट रु. ४० अर्ब ८३ करोड (५.०० प्रतिशत) बेरुजू देखिएको छ । सोको अतिरिक्त सार्वजनिक संस्था ८१ को रु. २५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराए बमोजिम रु. ११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षण भएको छ । यस वर्ष कूल जम्मा रु. ६४ खर्ब ४८ अर्बको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु. ४ खर्ब १८ अर्ब ३२ करोडमा फर्स्यौट तथा समायोजन गरिएको अङ्क रु. १ खर्ब ३ अर्ब ८५ करोड घटाई यो वर्ष थप भएको रु. १ खर्ब ४ अर्ब ३८ करोडसमेत रु. ४ खर्ब १८ अर्ब ८५ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा...

बाँकी पृष्ठ ९ मा

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन पेश...

चासो र सरोकारका विषयमा प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्नुभएको थियो । साथै सम्माननीय राष्ट्रपतिज्यूले प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई सरोकारवाला निकायले ग्रहण गरेमा समग्र वित्तीय अनुशासन कायम हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो । प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले अन्तिम लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका विधि र प्रक्रिया उल्लेख गर्दै प्रतिवेदनले मुख्यतः बजेट व्यवस्थापन, बैदेशिक सहायता, राजश्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तीको उपयोग र संरक्षण, सुचना प्रविधिको उपयोग अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखांकन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश सरकारको वित्तीय व्यवस्थापन, स्थानीय तहको वित्तिय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, कोभिड-१९ लगायतका महामारी एवं विपद व्यवस्थापन लगायतका विषयमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको परीक्षण गरी देखिएका व्यहोराको आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभएको थियो ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारवाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष सूचना प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमबाट पेश गरिएको छ । त्यसैगरी, यस वर्ष ७५३ स्थानीय तहमध्ये आर्थिक वर्ष २०७५।७६ को बक्यौता रहेका ५ सहित ६९९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरिएको छ । कोभिड महामारी एवं केही श्रेस्ता पेश नभएको कारण यस वर्ष संघ प्रदेश र स्थानीय तह समेत १३३ लेखापरीक्षण ईकाईको लेखापरीक्षण बक्यौता रहेको छ । गत वर्षको वक्यौता समेत गरी यस वर्ष स्थानीय तह ६९९ को लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् ।



महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन पेश गर्नुअघि माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र कार्यालयका कर्मचारी

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा समावेश ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थित, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । त्यस्तै, कोभिड-१९ को बारेमा विशेष लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गरिएको छ । साथै, सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनको सारभूत विषय समावेश गरी प्रतिवेदनको सारांश तथा कार्यमूलक लेखापरीक्षण र संगठित संस्थाको लेखापरीक्षणको प्रतिवेदनको संगालो समेत तयार गरिएको छ ।

❑❑❑

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा उल्लेख भएका मुख्य व्यहोरा एवं तथ्याङ्क

समग्र तथा संघीय सरकारतर्फ

१. लेखापरीक्षण - कार्यालयबाट यो वर्ष ५ हजार ४६२ निकायको रु. ५३ खर्ब २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएको निकाय र विषयगत अवस्था निम्नानुसार छ :

(रु. करोडमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
(क) वित्तीय तथा पालनाको लेखापरीक्षण	५४६२	५३२७९१	१०४३८	
१. संघीय मन्त्रालय तथा निकाय	३०७९	१५५५८१	४४३९	२.८६
२. प्रदेश मन्त्रालय तथा निकाय	१०१९	२३७४१	६५०	२.७४
३. स्थानीय तह बक्यौता ५ समेत	६९९	८१५९९	४०८३	५.००
४. समिति र अन्य संस्था	५८४	१६३५७	१२६६	७.७४
५. संगठित संस्था	८१	२५५५१३	-	-
(ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण (१५ विषय)		-	-	-
जम्मा	५४६२	५३२७९१	१०४३८	

द्रष्टव्य: संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

१.१ यो वर्ष ३ हजार ७९ संघीय सरकारी निकायको विनियोजन र राजस्व र धरौटी र अन्यतर्फ रु. १५ खर्ब ५५ अर्ब ८१ करोड, सात प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १९ निकायको रु. २ खर्ब ३७ अर्ब ४१ करोड र महानगरपालिका ६,उपमहानगरपालिका ११, नगरपालिका २६२ र गाउँपालिका ४२० समेत ६९९ (५ को बक्यौता समेत) स्थानीय तहको रु. ८ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षण गरिएको छ।

१.२ यो वर्ष ५८४ समिति र अन्य संस्था (प्रदेश समेत) को रु. १ खर्ब ६३ अर्ब ५७ करोड, संगठित संस्थातर्फ ८१ इकाइको रु. २५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ।

१.३ यो वर्ष ३३ संस्थाको (३६ आर्थिक वर्षको) रु. ११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्न परामर्श दिइएको छ।

१.४ यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको सूचना प्रविधि, १ विषयको वातावरणीय र **कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन** विषयको विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ।

१.५ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९३१ इकाईको रु. ३ अर्ब ६८ करोड २८ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनै पनि निकायले लेखापरीक्षण गराएका छैनन्। यो वर्ष रु. १२ अर्ब ५ करोड ९६ लाख थप भई रु. १५ अर्ब ७४ करोड २४ बाँकी रहेको छ। प्रदेश मन्त्रालय तथा निकाय तर्फ गत वर्षको रु. १ अर्ब ५ करोड ८५ लाख बक्यौता मध्ये रु. १ अर्ब ४ करोड ४ लाख लेखापरीक्षण भै यो वर्षको थप रु. २ अर्ब ४३ करोड लाख समेत बाँकी रु. २ अर्ब ४५ करोड ११ लाख बाँकी छ। स्थानीय तहतर्फ गत वर्षसम्म १६ तहको आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा ५ को लेखापरीक्षण भइ यो वर्ष थप ५९ समेत ७० को लेखापरीक्षण बाँकी रहेको छ।

२. **बेरुजू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

बेरुजूलाई असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेश्की बाँकीमा वर्गीकरण गरिएको छ। पेश्की अन्तर्गत कर्मचारी पेश्की, कार्यसञ्चालन पेश्की, प्रतीतपत्र पेश्की र संस्थागत पेश्कीमा वर्गीकरण रेहेको छ। यो वर्ष संघीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रु. १ खर्ब ४ अर्ब ३९ करोड बेरुजू औंल्याइएको छ। बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छ :

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	२०२९२१	६३६४	५४७४९	७४६१	२७१४९५	२६.०१
२. नियमित गर्नुपर्ने	१८२७०२	४८३२५	२८१७९९	१०९८०८	६२२६३४	५९.६५
● अनियमित भएको	५६७९९	२१०५६	१०७५१८	६००२९	२४५४०२	२३.५१
● प्रमाण कागजात पेश नभएको	१२५८४७	२७२६९	१७१६६५	४९७७३	३७४५५४	३५.८८
● जिम्मेवारी नसारेको	३९	०	२४४९	०	२४८८	०.२४
● शोधभर्ना नलिएको	१७	०	१६७	६	१९०	०.०२
३. पेश्की	५८२९७	१०३०८	७१७९९	९३०९	१४९७१४	१४.३४

● कर्मचारी पेश्की	३४२	९३३	२९२९६	६८६	३१२५८	२.९९
● कार्यसञ्चालन पेश्की	१२८०९	०	०	०	१२८०९	१.२३
● प्रतीतपत्र पेश्की	०	०	०	०	०	०
● अन्य पेश्की	४५१४६	९३७५	४२५०३	८६२३	१०५६४७	१०.१२
जम्मा बेरुजू	४४३९२०	६४९९७	४०८३४७	१२६५७८	१०४३८४२	१००

द्रष्टव्य: संगठित संस्थाहरुको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

३. **अद्यावधिक बेरुजू -** संघीय सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु. ४ खर्ब १८ अर्ब ८५ करोड रहेको छ । गत वर्ष भन्दा बेरुजू ०.१३ प्रतिशतले बढेको छ ।

(रु. लाखमा)

क्र.स	विवरण	गत वपर्षसम्म	यस वर्ष थप र घट	अद्यावधिक बेरुजू		
				पेश्की	अन्य	जम्मा
१	संघीय सरकारी कार्यालय	२७३५७९१	-४१०४२०	७४८८९२	१५७६४७९	२३२५३७१
२	प्रदेश सरकारी कार्यालय	८३९२६	४०८६४	३५५७७	८९२१३	१२४७९०
३	स्थानीय तह	६९८१०९	३३२२६८	१२३३४२	९०७०३५	१०३०३७७
४	अन्य संस्था र समिति (प्रदेश समेत)	६६५३४७	४२६२०	०	७०७९६७	७०७९६७
	जम्मा	४१८३१७३	५३३२	९०७८११	३२८०६९४	४१८८५०५

४. **कार्यबाही टुङ्गो लगाउनुपर्ने रकम -** संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कार्यबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु. २ खर्ब ५७ अर्ब ५६ करोड १ लाख रहेको छ । उक्त रकम गतवर्ष भन्दा ४.६५ प्रतिशत बढेको छ ।

(रु. लाखमा)

क्र.सं.	विवरण	गत वर्षसम्म	थप/घट	अद्यावधिक
१	लेखापरीक्षण बक्यौता	४७४१२	१३४५२३	१८१९३५
२	राजस्व बक्यौता	१९७८४११	१७७२७६	२१५५६८७
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१४९१६८	-५९०३२	९०१३६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२६५६८९	-१३८३४६	१२७३४३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	२४६११८०	११४४२१	२५७५६०१

लेखापरीक्षण बक्यौता रु. १८ अर्ब १९ करोड मध्ये रु. १४ अर्ब ४९ करोड कोभिड-१९ को कारण र बाँकी रकम श्रेस्ता पेश नगरेकोले बक्यौता रहेको छ ।

उक्त रकममा अद्यावधिक बेरुजू रु. ४ खर्च १८ अर्ब ८५ करोड थप गर्दा कार्यबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु. ६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु. ६ खर्ब ६४ अर्ब ४४ करोड रहेको थियो । गत वर्षको तुलनामा कार्यबाही गरी टुङ्गो लगाउनुपर्ने रकम १.८१ प्रतिशतले बढेको छ ।

५. **तुलनात्मक बेरुजू स्थिति -** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. करोडमा)

प्रतिवेदन र निकाय	अन्ठाउनौं, २०७८			सन्ताउनौं, २०७७			छपन्नौं, २०७५		
	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
संघीय सरकारी कार्यालय	१५५५८१	४४३९	२.८६	१७५६०४	७१०६	४.०५	२००८८४	१०६३४	५.२९
प्रदेश सरकारी कार्यालय	२३७४१	६५०	२.७४	१८९२५	८२०	४.३३	२६२	१९	७.२५
स्थानीय तह	८१५९९	४०८३	५.००	७४०६५	३८१३	५.१५	५७१५१	२४१४	४.२२
अन्य संस्था र समिति (प्रदेश समेत)	१६३५७	१२६६	७७४	१३०६३	१५६१	११.९५	२५३७२	१०३८	४.०९

लेखापरीक्षण अङ्कको तुलनामा संघीय कार्यालयतर्फ बेरुजू गत वर्ष ४.०५ प्रतिशत रहेकोमा यो वर्ष २८६ प्रतिशत, प्रदेश सरकारी कार्यालय तर्फ गत वर्ष ४.३३ प्रतिशत रहेकोमा यो वर्ष २.७४ प्रतिशत, स्थानीय तहतर्फ गत वर्ष ५.१५ प्रतिशत रेहेकोमा यो वर्ष ५ प्रतिशत र अन्य संस्था र समितितर्फ गत वर्ष ११.९५ प्रतिशत रहेकोमा यो वर्ष ७.७४ प्रतिशत रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले म्याद बाँकी रहेको कार्यसञ्चालन पेश्कीलाई बेरुजूमा समावेश नगर्ने भनी उल्लेख गरेकोले त्यस्तो कार्यसञ्चालन पेश्की समावेश नगरेको कारण बेरुजू घट्न गएको छ ।

६. **बेरुजू फर्स्यौट** - यो वर्ष बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छ :

(रु. लाखमा)

निकाय/विवरण	संघीय सरकारी कार्यालय	संगठित संस्था, समिति, अन्य संसथा (प्रदेश समेत)	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	जम्मा
विगतको बेरुजू	२७३५७९१	६६५३४७	८३९५६	६९८१०९	४१८३१७३
समायोजनबाट थप (घट)	११	०	०	-९४२	-९३१
फर्स्यौट तथा सम्परीक्षण	८५४३५०	८३९५९	२४१३३	७५१३७	१०३७५७९
बाँकी	१८८१४५२	५८१३८८	५९७९३	६२२०३१	३१४४६६३
चालु वर्षको लेखापरीक्षण बेरुजू	४४३९२०	१२६५७८	६४९९७	४०८३४७	१०४३८४२
अद्यावधिक बाँकी बेरुजू	२३२५३७२	७०७०६६	१२४७९०	१०३०३७७	४१८८५०५

यो वर्ष फर्स्यौट तथा सम्परीक्षण भएको संघीय सरकारी कार्यालयको रु. ८५ अर्ब ४३ करोड ५० लाखमध्ये भौतिक पूर्वाधार तथा यातायात , रक्षा, शहरी विकास, स्वास्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरीषद् कार्यालय मातहतको बेरुजू रु.९० अर्ब २८ करोड १६ लाख रहेको छ। उक्त बेरुजू सम्परीक्षणको ३०.०७ प्रतिशत हिस्सा अर्थात् रु. २७ अर्ब १५ करोड ३ लाख मोविलाइजेश पेश्की रहेको छ। त्यस्तो पेश्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वत: फर्स्यौट हुने र सोबाहेकका अन्य बेरुजू असुल फर्स्यौट गर्न सम्बन्धित निकायहरुले पर्याप्त ध्यान दिएको देखिएन ।

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएको मध्ये सरकारी कार्यालयतर्फ लगत कट्टा भएको रु. १० करोड ८५ लाखमध्ये नियमित तथा मिनाहा भै रु. १० करोड ५६ लाख र असुल भै रु. २९ लाख र समिति तथा संस्थातर्फ रु. ३ करोड ६ लाखसमेत रु. १३ करोड ९१ लाख फर्स्यौट भएको जानकारी प्राप्त भएको छ।

७. **असुली** - घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औंल्याएपश्चात् असुल भई राज्यकोषमा २०७४।७५ मा रु. ९ अर्ब ७० करोड ४ लाख, २०७५।७६ मा रु. ७ अर्ब ४७ करोड ८० लाख र २०७६।७७ मा रु. ६ अर्ब १६ करोड ६३ लाख असुल भएको छ।

प्रदेश सरकारतर्फ

८. **बेरुजू अङ्क** - २०७६।७७ मा प्रदेश सरकार मातहतका सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फको लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छ:

(रु. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेश्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत	पेश्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं. १	१८३	४४५७०३४०	१२६५१५६	११७५४४९	२.८३	२.६३
प्रदेश नं. २	१२९	३१९८६२२८	१८०५९१८	१४१५८८०	५.६५	४४३
वागमती	१९१	५१०९०५८३	७२५२२९	६५५८४९	१.४२	१.२८
गण्डकी	१५३	३०७४६९०७	६०४१००	४५८४०२	१.९६	१.४९
लुम्बिनी	१८२	३९६४७८६५	९४७४८५	८७५८१४	२.३९	२.२१
कर्णाली	१२८	२३४३९५६०	८३४७८१	६८६६३८	३५६	२९३.
सुदूरपश्चिम	१२९	२६७७७६१०	५७५१५७	४३०१०१	२१५.	१६१.
जम्मा	**१०९५**	**२४८२५९०९३**	**६७५७८२६**	**५६९८१३३**	**२.७२**	**२.२९**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू प्रदेश नं. २ को ५.६५ प्रतिशत र सबै भन्दा कम बेरुजू बागमती प्रदेशको १.४२ प्रतिशत रहेको छ।

९. **अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय अन्य संस्था र समितिर्फको गत वर्षसम्मको बाँकी बेरुजू रु. ८ अर्ब ६७ करोड २२ लाख ७० हजार रहेकोमा सम्परीक्षणबाट रु. २ अर्ब ४३ करोड ८७ लाख ८७ हजार फर्स्यौट भई रु. २३ अर्ब ६ करोड ३४ लाख ८३ हजार बाँकी रहेको र यो वर्ष रु. ६ अर्ब ७५ करोड ८८ लाख २६ हजार थप भई अद्यावधिक बेरुजू रु. १२ अर्ब ९९ करोड १३ लाख ९ हजार रहेको छ। सो रकममा रु. ३ अर्ब ६३ करोड ८८ लाख ७३ हजार पेश्की रहेको छ। यस सम्बन्धी प्रदेशगत विवरण देहायबोजिम छ :

(रु. हजारमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परीक्षण	बाँकी	यो वर्षको थप	तेस्रो प्रतिवेदन सम्मको बाँकी	बेरुजू बाँकी मध्ये पेश्की
प्रदेश नं. १	१६९६१२९	४४७०२९	१२४९१००	१२६५१५६	२५१४२५६	७५१३१९
प्रदेश नं. २	१९९०००८	१०६७०९	१८८३२९९	१८०५९१८	३६८९२१७	९८५४६२
बागमती	९८८२८७	३२८४३२	६५९८५५	७२५२२९	१३८५०८४	२७८५०७
गण्डकी	१६४४८१६	७०९१७९	९३५६३७	६०४१००	१५३९७३७	६७१०३२
लुम्बिनी	९४७३४२	५७३६७१	३७३६७१	९४७४८५	१३२११५६	२०८४२६
कर्णाली	५१७१७०	४०४०२	४७६७६८	८३४७८१	१३११५४९	३७७४५६
सुदूरपश्चिम	८८८५१८	२३३३६५	६५५१५३	५७५१५७	१२३०३१०	३६६६७१
जम्मा	**८६७२२७०**	**२४३८७८७**	**६२३३४८३**	**६७५७८२६**	**१२९९१३०९**	**३६३८८७३**

स्थानीय तहतर्फ

१०. **लेखापरीक्षण तथा बेरुजू** - ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको देहाय अनुसार रु. ८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएका छ ।

(रु. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेश्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेश्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं. १	१३३	१६१४१८०	५१२४८	६५२६	३.१७	२.७७
प्रदेश नं. २	१३१	१४०४९१४	१४४३४२	२९९३२	१०.२७	८.१४
बागमती	९८	१५३९८०६	७३२७५	९४३५	४.७६	४.१५
गण्डकी	८५	९३४६१४	२५९८४	३७९७	२.७८	२.३७
लुम्बिनी	९५	११६३६०९	३७६६१	४६४०	३.२४	२.८४
कर्णाली	७३	६५३७६०	३२६९१	५४९३	५.००	४.१७
सुदूरपश्चिम	७९	८२८६६२	३७२१२	१०६७८	४.४९	३.२०
जम्मा	**६९४**	**८१३९५४५**	**४०२११२**	**७०५०१**	**४.९४**	**४.०८**

११. **स्थानीय तहगत विवरण** - ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको देहायअनुसार रु. ८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु. लाखमा)

स्थानीय	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेश्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेश्की बाहेक बेरुजू प्रतिशत
महानगरपालिका	६	६२८७५५	४६३८३	४३९७	७.३८	६.६८
उप-महानगरपालिका	११	३७७४०६	१५२३१	२६२३	४.०४	३.३४
नगरपालिका	२६०	३७५९४५४	१८९६५८	४०५६८	५.०४	३.९७
गाउँपालिका	४१७	३३७३९३०	१५११४०	२२९१३	४.४८	३.८०
जम्मा	**६९४**	**८१३९५४५**	**४०२४१२**	**७०५०१**	**४(९४**	**४.०८**

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको रु. ८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । उपर्युक्त उल्लेखित बाहेक ५ स्थानीय तहको २०७५/७६ को रु. ३ अर्ब १० करोड ६१ लाखको लेखापरीक्षणबाट रु. ७३ अर्ब १० करोड ६१ लाखको करोडको लेखापरीक्षणबाट रु. ५९ करोड ३४ लाख बेरुजू रहेको छ ।

१२. **महानगरपालिका** - महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छ:

(रु. लाखमा)

क्र.सं.	महानगरपालिका	लेखापरीक्षण रकम	यो वर्षको बेरुजू	बेरुजूमध्ये पेश्की रकम	हालसम्मको बाँकी बेरुजू	यो वर्षको
१	विराटनगर	१३४८८७	४६०३	८४९	११६७८	३.४१
२	वीरगञ्ज	९१६०६	७५६७	५६३	१९२३४	८.२६
३	ललितपुर	९३१६४	६७३०	१७४५	१६९३८	७.२२
४	भरतपुर	५०३४२	१०१५	४२०	१०५३४	२.०२
५	काठमाडौं	१६३६३२	१९४१२	६२७	४४८४२	११.८६
६	पोखरा	९५१२५	७०५७	१९३	१९७१५	७.४२
	जम्मा	६२८७५६	४६३८४	४३९७	१२२९४१	७.३८

१३. **उप-महानगरपालिका** - उप-महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छ :

(रु. लाखमा)

क्र.सं.	उप-महानगरपालिका	लेखापरीक्षण रकम	यो वर्षको बेरुजू	बेरुजूमध्ये पेश्की रकम	हालसम्मको बाँकी बेरुजू	यो वर्षको बेरुजू प्रतिशत
१	धरान	३६८७५	१२२७	४२	२९१७	३.३३
२	ईटहरी	३३९८३	१११४	६१	४९०६	३.२८
३	जनकपुर	२७८३६	३५५७	४५७	८०७९	१२.७८
४	कलैया	२१०३२	१०१०	३५४	२७८०	४.८०
५	जीतपुर सिमरा	२१९५३	१७९३	७७४	३६१०	८.१७
६	हेटौंडा	३८९५८	१७०६	७६५	३१४१	४.३८
७	घोराही	३९५२५	१११२६	३०९७	२.८१	
८	तुल्सीपुर	३६७१९	१३७०	१५	३३६८	३.७३
९	नेपालगञ्ज	४३५५९	६९३	१०७	५४४५	१.५९
१०	बुटवल	४००७७	६२६	३५	६७५	१.५६
११	धनगढी	३६८८९	१०२२	६	२५१७	२.७७
	जम्मा	३७७४०६	१५२३०	२६२२	४०५३५	४.०४

१४. **नगरपालिका** - यो वर्ष लेखापरीक्षण गरिएका २६० नगरपालिकाको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ:

(रु. लाखमा)

प्रदेश	नगरपालिका संख्या	लेखापरीक्षण रकम	बेरुजू रकम	बेरुजूमध्ये पेश्की	बेरुजू प्रतिशत	पेश्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं. १	४५	७०९०८५	२०६४६	२९५३	२.९१	२.५०
प्रदेश नं. २	७१	८५४६७५	८७१५३	१८२४९	१०.२०	८.०६
वागमती	३७	६९९८४२	२३३४२	३९४६	३.३४	२.७७
गण्डकी	२६	३९५०५४	९६३२	२३३४	२.४४	१.८५
लुम्बिनी	२७	४०७५९१	१३६९२	२२४४	३.३६	२.८१
कर्णाली	२३	२८११६७	१३७७७	२७८६	४.९०	३.९१
सुदूरपश्चिम	३१	४१२०४०	२१४१५	८०५६	५.२०	३.२४
जम्मा	**२६०**	**३७५९४५४**	**१८९६५७**	**४०५८६**	**५.०५**	**३.९७**

१५. **गाउँपालिका** - देशभरका ४६० गाउँपालिकामध्ये यस वर्ष लेखापरीक्षण भएको ४१७ को लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ:

(रु. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको गाउँपालिका	लेखापरीक्षण रकम	समेत बेरुजू रकम	बेरुजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेश्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं. १	८५	६९९३५१	२३६५९	२६२१	३.३८	२.०१
प्रदेश नं. २	५६	३८७८१२	४३२६१	९५३६	११.१६	८.७०
वागमती	५७	४९३८६७	२१०६९	१९३१	४.२७	३.८८
गण्डकी	५८	४४४४३६	९२९५	१२७०	२.०९	१.८१
लुम्बिनी	६४	५९६१३८	२०१६७	२२३४	३.३८	३.०१
कर्णाली	५०	३७२५९३	१८९१४	२७०६	५.०८	४.३५
सुदूरपश्चिम	४७	३७९७३२	१४७७५	२६१६	३.८९	३.२०
जम्मा	**४१७**	**३३७३९२९**	**१५११४०**	**२२९१४**	**४.४८**	**३.८०**

❑❑❑

सन्देश.....

सम्परीक्षणबाट यो वर्ष रु. ६ अर्ब १७ करोड असुल भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु. ६ खर्ब ६४ अर्ब ४४ करोड रहेकोमा यस वर्ष रु. ११ अर्ब ४१ करोड थप यस वर्ष रु. ६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ । यस वर्ष म्याद ननाघेको पेश्कीलाई लगती बेरुजू कायम गरिएको छैन सोबाट समग्र बेरुजू अंक र प्रतिशत घटेको छ ।

लेखापरीक्षणको क्रममा वित्तीय प्रशासन (बजेट तर्जुमा र कार्यान्वयन), आर्थिक अनुशासन (आन्तरिक लेखापरीक्षण, आन्तरिक नियन्त्रण, बेरुजू फर्स्यौट र प्रतिवेदन कार्यान्वयन), कोरोना महामारीमा सार्वजनिक खर्च कटौती र उपयोग, मितव्ययिता एवं कार्यदक्षता प्रवर्द्धन, भ्रष्टाचार न्यूनीकरण, विकास निर्माण र खरिद प्रक्रियामा मितव्ययिता र पारदर्शिता, सेवा प्रवाह, वित्तीय संघीयता व्यवस्थापन, सार्वजनिक संस्थानको कुशल सञ्चालन, सूचना प्रविधिको प्रयोग, सामाजिक सुरक्षा र संरक्षण, सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोग, संसदीय समिति तथा सरोकारवालासँगको सम्बन्ध, प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन जस्ता विषयहरुमा देखिएका व्यहोरा विश्लेषण गरी सुझाउ समेत प्रस्तुत गरिएको छ ।

सार्वजनिक जवाफदेहिता र सुदृढ आर्थिक अनुशासनले मात्र सार्वजनिक प्रशासनप्रति जनताको विश्वास बढ्ने भएकोले सार्वजनिक निकायका पदाधिकारीहरुलाई बढीभन्दा बढी जवाफदेही बनाई आर्थिक अनुशासन अभिवृद्धि गर्नु अपरिहार्य छ । अनियमित कारोबार गर्ने जिम्मेवार पदाधिकारी उपर समयमै कारवाही गर्ने, कार्यसम्पादन मूल्याङ्कन र सम्बन्धित कर्मचारीबाट सम्पादित कार्यबीच सम्बन्ध स्थापित गर्ने, क्षमता योग्यता र सदाचारयुक्त व्यवहारको आधारमा कामको जिम्मेवारी तोक्ने, महालेखापरीक्षकले औंल्याएका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र वित्त व्यवस्थापनका विषयहरुमा तत्काल सुधार गरी जवाफदेहितापूर्ण वातावरण तयार गर्नुपर्दछ । बेरुजूको लागि जिम्मेवार नहुने तथा वित्तीय अनुशासन कार्य नगर्ने सार्वजनिक जवाफदेहिको पदमा रहने व्यक्तिहरुको अभिलेख राखी विगतको वित्तीय अनुशासन पालनाको स्थिति विश्लेषण गरेर मात्र भविष्यमा विशेष जिम्मेवारी दिने व्यवस्था गरिनुपर्दछ ।

हामीले यस वर्षदेखि पूर्णरुपमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिलाई अंगीकार गरेका छौं । सार्वजनिक निकायहरुलाई जोखिमका आधारमा वर्गीकरण गरी उच्च जोखिमका निकायको विस्तृत लेखापरीक्षण गर्ने, मध्यम जोखिमका निकायको छनौट गरिएका कारोबारको मात्र परीक्षण गर्ने र न्यून जोखिमका निकायको वित्तीय विवरणहरु परीक्षण गरी प्रमाणित गर्ने नीति लिइएको छ । यसैगरी उच्च जोखिमका निकायहरुको स्थलगत लेखापरीक्षण गर्ने र मध्यम तथा न्यून जोखिमका निकायको दूर लेखापरीक्षण (Remote Audit) को प्रक्रिया अपनाउने नीति लिइएको र सोही अनुरुप कार्यान्वयन गरिएको छ । लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरुपको बनाउन इन्टोसाई मानदण्ड ग्रहण गरी २०७७ श्रावणदेखि कार्यान्वयनमा ल्याइएको छ। लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सञ्चालनको लागि छुट्टै नेपाल लेखापरीक्षण सेवाका (गठन, श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको छ । आगामी दिनमा यस नियमावलीमा थप परिमार्जन गरी लेखापरीक्षण सेवाका कर्मचारी परिचालन, सीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसर लगायतका विषय समावेश गरी थप व्यवस्थित गरिनेछ । NAMS Software को प्रयोग गरी विद्युतीय लेखा परीक्षण प्रणाली अवलम्बन गरिनेछ । कार्यालयको आन्तरिक सुशासन प्रणाली सुदृढ गर्न आन्तरिक कार्य सञ्चालन कार्यविधि तर्जूमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

आर्थिक अनुशासन कायम गर्न प्रभावकारी आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण व्यवस्था, अन्तिम लेखापरीक्षण र लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको समयमा नै कार्यान्वयन हुनु जरुरी हुन्छ। तर आर्थिक कारोबार गर्दा पालना गर्नुपर्ने सिद्धान्त अवलम्बन नहुने, सार्वजनिक पदाधिकारीबाट वित्तीय जवाफदेहीता पूर्ण रुपले पालना नहुने आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण प्रभावकारी नहुने तथा अन्तिम लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा समयमा फर्स्यौट हुने नगरेको कारण आर्थिक अनुशासन कमजोर रहेको छ । सबै निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति गठन गर्ने, आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, गुणस्तरीय र प्रभावकारी बनाउनु आवश्यक छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको कार्यान्वयन स्थितिमा सुधार गर्न लेखापरीक्षण ऐनमा रहेका प्रावधानको कडाईका साथ पालना गराउन विशेष पहल गनुपर्ने देखिएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू, उपराष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन एवं संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिक लगायतबाट लेखापरीक्षणका क्रममा प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु । यसैगरी योजना तर्जुमा र कार्यान्वयन लगायतका कार्यमा अहोरात्र खटिई लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

सम्पादकीय....

सुझावहरु कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको एवं एकै प्रकृतिका व्यहोराहरु वर्षौंदेखि दोहोरिँदै आएका छन् । सार्वजनिक निकायहरुबाट ती विषयहरु सम्बोधन गर्न उपयुक्त किसिमको कानूनी तथा नीतिगत सुधार सहितको प्रभावकारी पहलकदमी हुनुपर्ने देखिन्छ ।

महालेखापरीक्षकको कार्यालयको चौथो रणनैतिक योजना तर्जुमा गोष्ठी सम्पन्न



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

२५ माघ, २०७७

महालेखापरीक्षकको कार्यालयको चौँथो रणनीतिक योजना (२०२१-२०२५) तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले विगतको रणनीतिक योजनाको कार्यान्वयनको समीक्षा गर्दै वस्तुपरक ढंगले आगामी योजना तर्जुमा गर्नुपर्ने बताउनुभयो । साथै, योजना तर्जुमा गर्दा सर्वप्रथम वर्तमान अवस्थाको वस्तुनिष्ठ विश्लेषण गर्ने, यस अन्तर्गत सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण, राजनीतिक, आर्थिक, सामाजिक र प्राविधिक पक्षको विश्लेषण एवं वाह्य र आन्तरिक पक्षहरुको विश्लेषण गर्नुपर्ने बताउनुभयो ।

उहाँले उद्देश्यलाई प्राथमिकीकरण गर्ने, रणनीतिक योजना तर्जुमा गर्ने, योजना कार्यान्वयन, व्यवस्थापन र योजनाका पृष्ठपोषण मूल्याङ्कन र निरन्तर, सुधार जस्ता क्रियाकलापहरुलाई समेत समेटी यथार्थपरक ढंगले योजना तर्जुमा हुने विश्वास व्यक्त गर्नुभयो ।



गोष्ठीमा सहभागी कार्यालयका कर्मचारी

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले पूर्वीय दर्शनका अर्थशास्त्री चाणक्यले रणनीति सम्बन्धमा स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र गरी ७ वटा विषयवस्तुलाई समेटेको उल्लेख गर्दै कार्यालयको रणनीति तर्जुमा गर्दा यस्ता विषय समेतलाई विचार गरी कार्यालयको दूरदृष्टि, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति तय गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा कार्यालयका नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले रणनीतिक योजना तर्जुमा सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । विगतका रणनीतिक योजनाको समीक्षा र आगामी योजना तर्जुमा क्रममा सुधार गर्नुपर्ने विषयका बारेमा सहभागी बीच छलफल भएको थियो ।

कार्यक्रममा महालेखापरीक्षकको संस्थागत सुदृढीकरण आयोजनाको परामर्शदाता Ernst & Young LLP का तर्फबाट श्री के.पी. शशिधरण र श्री सञ्जोय कुमार गुप्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रमको बारेमा उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेलले प्रस्तुत गर्नुभएको थियो भने नायब महालेखापरीक्षक श्री घनश्याम पराजुलीले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक, नायब महालेखापरीक्षक र निर्देशक समेत ४० कर्मचारीको सहभागिता रहेको थियो ।

❑❑❑

सार्वजनिक संस्थानमा खटाइएका लेखापरीक्षकलाई निर्देशन



सार्वजनिक संस्थानको लेखापरीक्षणमा खटिइएका लेखापरीक्षकलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षज्यू


२० फाल्गुन, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानको लेखापरीक्षणमा संलग्न लेखापरीक्षकका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले संविधानले निर्दिष्ट गरे बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गर्नुपर्ने तथा संस्थाको कार्य प्रकृति र कारोबारको प्रकृतिको आधारमा विषयवस्तुलाई हेर्नुपर्ने उहाँले बताउनुभयो । साथै, माघ मसान्तसम्म लेखापरीक्षण कार्य सम्पन्न गर्न निर्देशन दिइएकोमा अधिकांश संस्थानको हालसम्म पनि लेखापरीक्षण सम्पन्न नभएकोले चैत्र मसान्तभित्र अनिवार्यरुपमा प्रतिवेदन टुंग्याई पेश गर्न लेखापरीक्षकहरुको ध्यानाकर्षण गराउनुभयो । उहाँले कोभिड-१९ को कारणले बन्दाबन्दीको अवस्थामा संस्थानले गरेको खर्च औचित्यपूर्ण रहे नरहेको विस्तृतरुपमा हेर्न र वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने मुख्य व्यहोरालाई समयमै छलफल गरी तय गर्न समेत निर्देशन दिनुभयो । लेखापरीक्षणका क्रममा पेशागत निष्ठा र मर्यादाको पूर्ण परिपालना गरी काम गर्नुपर्नेमा समेत उहाँले जोड दिनुभयो । कार्यक्रममा सार्वजनिक संस्थानको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक र कार्यालयका पदाधिकारीको उपस्थिति रहेको थियो ।

❑❑❑

सर्वोच्च लेखापरीक्षण संस्थाको मूल्याङ्कन सम्बन्धी प्रारम्भिक प्रतिवेदन



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

४ चैत्र, २०७७

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) द्वारा सन् २०१६ मा जारी SAI Performance Measurement Framework बमोजिम नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको मूल्याङ्कन गर्न थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था The State Audit Office of the Kingdom of Thailand लाई गरिएको अनुरोध बमोजिम SAI Performance Measurement कार्य भईरहेको छ । यसै सन्दर्भमा थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाले तयार गरेको मूल्याङ्कन सम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर भर्चुअल कार्यक्रमबीच छलफल भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले छोटो समयमा सूचना प्रविधिको माध्यमबाट कागजात प्रमाण संकलन गरी प्रतिवेदन तयार गरेकोमा थाईल्याण्डका समकक्षी महालेखापरीक्षक Prajuck Boonyoung र मूल्याङ्कन टोलीलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त मूल्याङ्कन प्रतिवेदन महालेखापरीक्षकको कार्यालयको सुधारका लागि कोशेढुंगा साबित हुने धारणा राख्दै हाल तयार भईरहेको महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) को मुख्य आधार रहने विश्वास व्यक्त गर्नुभएको थियो ।

छलफल कार्यक्रममा नेपालको महालेखापरीक्षकको कार्यालयका तर्फबाट माननीय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक र लेखापरीक्षण अधिकारी सहितको उपस्थिति रहेको थियो भने थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट त्यहाँका महालेखापरीक्षकको नेतृत्वमा मूल्याङ्कन टोली सहित ७ जनाको सहभागिता रहेको थियो । थाईल्याण्डका महालेखापरीक्षक Prajuck Boonyoung ले नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको Performance Measurement गर्ने अवसर प्राप्त भएकोमा खुशी व्यक्त गर्दै भविष्यमा समेत द्विपक्षीय सहयोगमा यस्ता सहयोग आदान प्रदान गर्न विश्वास व्यक्त गर्नुभयो ।

मूल्याङ्कन प्रतिवेदनको विस्तृत विवरण पेश गर्दै थाइल्याण्डका सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट मूल्याङ्कन टोलीले फ्रेमवर्कका ६ पक्ष Independence and Legal Framework, Internal Governance and Ethics, Audit Quality



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै थाइल्याण्डका महालेखापरीक्षकज्यू

and Reporting, Financial Management, Assets and Support Services, Human Resources and Training/ Communication and Stakeholder Management का २५ सूचकाङ्क आधार तयार गरिएको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनका विविध पक्षबारे जानकारी गराएको थियो ।

मूल्याङ्कन टोलीका संयोजक Dr. Sutthi Suntharanurak ले मूल्याङ्कन प्रतिवेदनको निष्कर्षबारे बोल्दै नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाले वित्तीय अनुशासन कायम गर्न गरेको योगदानबारे चर्चा गर्नुभएको थियो ।

चौंथो रणनीतिक योजना तर्जुमा कार्यशाला सम्पन्न

२४ चैत्र, २०७७

महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना तर्जुमा कार्यशाला माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले कार्यालयको रणनैतिक योजना तर्जुमाका क्रममा सरोकारवाला निकायबाट प्राप्त सुझावलाई महत्वका साथ लिइने र योजनामा समेटिने बताउनुभयो । भर्चुअल माध्यमद्वारा तीन दिनसम्म सञ्चालित कार्यक्रममा संघीय संसद अन्तर्गत विभिन्न विषयगत समिति, प्रदेश सार्वजनिक लेखा समिति, संवैधानिक अङ्ग, विभिन्न संघीय मन्त्रालय, सर्वोच्च अदालत, संघीय संसद सचिवालय, प्रदेश आर्थिक मन्त्रालय तथा योजना मन्त्रालय, नागरिक समाज लगायतका प्रतिनिधिले योजना तर्जुमाका सम्बन्धमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको पहिलो दिनमा संघीय संसद, प्रतिनिधि सभा अन्तर्गतको सार्वजनिक लेखा समितिका माननीय सभापति श्री भरत कुमार शाह, अर्थ समितिका माननीय सभापति श्री कृष्ण प्रसाद दाहाल लगायतले रणनैतिक योजना तर्जुमाका सम्बन्धमा सुझावसहितको मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा मुख्य सचिव श्री शंकरदास वैरागी, संवैधानिक निकाय, मन्त्रालयका सचिव एवं संघीय संसदका विभिन्न समितिका सचिवहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको दोस्रो दिनमा प्रदेश सार्वजनिक लेखा समितिका सभापति, नगरपालिका संघका सभापती अशोक कुमार व्यञ्जु, गाउँपालिका राष्ट्रिय महासंघका सभापति श्री होम नारायण श्रेष्ठ, प्रदेश प्रमुख सचिव, प्रदेश आर्थिक तथा योजना मन्त्रालयका सचिवहरु, महानगरपालिका, उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागिता रहेको थियो । त्यसैगरी, तेस्रो दिनको कार्यक्रममा कार्यालयका पूर्व कर्मचारी, विकास साझेदार, नियामक निकायका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिले सुझाव दिनुभएको थियो ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरूजू फर्स्यौट प्रक्रिया सम्बन्धी अन्तर्क्रिया सम्पन्न



कार्यक्रममा सहभागिता जनाउनु हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू लगायतका पदाधिकारी

६ वैशाख, २०७८

बागमती प्रदेश सभा अन्तर्गत सार्वजनिक लेखा समितिको आयोजनामा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजू फर्स्यौट प्रक्रिया सम्बन्धी काभ्रेको धुलिखेलमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले विशेष अतिथिका रुपमा सहभागिता जनाउनुभयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले प्रदेश तहको लेखापरीक्षणबाट देखिएका बेरुजू फर्स्यौटमा तदारुकता देखाउनु आवश्यक रहेको बताउनुहुँदै प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा समयमा नै छलफल गरी निर्णय हुनुपर्ने उल्लेख गर्नुभयो । उहाँले एकै प्रकृति एवं व्यहोराको बेरुजूको पुनारावृत्ति नहुने गरी कार्य गर्न गराउन सरोकारवाला सबै पक्षले समयमै आवश्यक पहलकदमी लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७, प्रदेश सरकारको आयव्यय, सार्वजनिक खरिद, खर्च व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी, नायब महालेखापरीक्षक श्री इन्द्र प्रसाद आचार्यले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा प्रदेश मन्त्रालयहरुको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराबारे प्रस्तुतीकरण गर्दै सहभागीका जिज्ञासा समाधान गर्नुभएको थियो ।

कार्यक्रम समापन समारोहमा संघीय संसद सार्वजनिक लेखा समिति सभापति श्री भरत बहादुर शाह, बागमती प्रदेश सभामुख श्री सानु कुमार श्रेष्ठ, प्रदेश उपसभामुख श्री राधिका तामाङ्ग लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

निर्देशक पौडेललाई उत्कृष्ट निजामती सेवा पुरस्कार




२२ भाद्र, २०७८

१८ औँ निजामती सेवा दिवसका अवसरमा महालेखापरीक्षकको कार्यालयका निर्देशक श्री नेत्रप्रसाद पौडेल उत्कृष्ट निजामती सेवा पुरस्कारबाट सम्मानित हुनुभएको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०७८, भाद्र २१ को निर्णयानुसार निर्देशक पौडेललाई सो पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशि रु. एक लाख रहेको छ ।

लेखापरीक्षणका माध्यमबाट मुलुकमा आर्थिक अनुशासन कायम गर्ने दिशामा पौडेलले पुऱ्याउनुभएको योगदानको मूल्याङ्कन गर्दै उक्त सम्मान दिइएको हो । उहाँले पूर्ण इमान्दारिता, लगाव, परिश्रम र समर्पणका साथ आफ्नो जिम्मेवारी कुशलताापूर्वक वहन गर्दै आउनु भएको छ । यस कार्यालयमा बि.सं. २०५९ देखि सेवा शुरु गर्नु भएका उहाँ हाल व्यवस्थापन र केन्द्रीय सचिवालय तथा संस्थागत सम्बन्ध निर्देशनालयको निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ ।

लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्न



लेखापरीक्षण सल्लाहकार समितिको भर्चुअल बैठकमा सहभागी सदस्यज्यूहरु


२१ जेष्ठ, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको बैठक भर्चुअल माध्यमद्वारा सम्पन्न भयो । बैठकमा माननीय महालेखापरीक्षकज्यूले गतवर्षको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुँदै चाल वर्षमा लेखापरीक्षण कार्यसम्पादनको प्रगति तथा वार्षिक प्रतिवेदन तयार सम्बन्धमा भइरहेका कार्यबारे जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा उपस्थित सदस्यज्यूहरुबाट प्रतिवेदनहरुको कार्यान्वयनमा सक्रियता ल्याउने, आगामी लेखापरीक्षण सम्पादन तथा प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने विषय, प्रतिवेदनमा समावेश गर्न सकिने राष्ट्रिय महत्वको विषय, प्रतिवेदनको ढाँचा स्वरुप तथा विषयवस्तुको प्रस्तुतीकरणमा परिमार्जन, स्थानीय तहको लेखापरीक्षण र प्रतिवेदनमा उल्लेखित बेरुजू फर्स्यौट गर्ने व्यवस्था, प्राकृतिक प्रकोप तथा महामारी जस्ता आकस्मिक घटनाहरुबाट सिर्जित परिस्थितिमा लेखापरीक्षण प्रक्रियामा गर्नुपर्ने सुधार लगायतका विषयमा सुझाव दिनुभएको थियो जस अन्तर्गत महालेखापरीक्षकको प्रतिवेदनलाई सबै सरोकारवालाहरुमा पहुँच बढाई दिइएका सुझावहरुको कार्यान्वयन अवस्थाको अनुगमन प्रकृया बढाउने, बेरुजू आउनुमा जिम्मेवार पदाधिकारी किटान गर्ने व्यवस्था मिलाउने, धेरै बेरुजू गर्ने पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कन न्यून हुने व्यवस्था गर्नुपर्ने, महालेखापरीक्षकको प्रतिवेदनको समग्र कार्यान्वयन अवस्थाको स्वतन्त्र निकायबाट मूल्याङ्कन गराउनुपर्ने लगायतको सुझाव दिनुभएको थियो। साथै, महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग बढाउँदै लैजानुपर्ने, कार्यमूलक लेखापरीक्षण र अनुसन्धानमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने र आगामी वर्षको वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरुको सम्बन्धमा समेत सुझाव दिनुभएको थियो । बैठकमा महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) को मस्यौदा सम्बन्धमा समेत छलफल गरी सुझाव प्राप्त भएको थियो ।

सो अवसरमा मानीनय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७६/७७ को स्थलगत लेखापरीक्षण अन्तिम चरणमा पुगेको जानकारी गराउनुहुँदै सल्लाहकार समितिका पदाधिकारीहरुबाट प्रस्तुत सुझावलाई वार्षिक प्रतिवेदन तयारीका क्रममा मार्गदर्शनको रुपमा लिइने उल्लेख गर्नुभयो । साथै कार्यालयबाट सम्पादन गरिने लेखापरीक्षण लगायतका अन्य काम कार्यबाही सम्बन्धमा निरन्तर सुधार गरी कार्यालयको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुभएकोमा सल्लाहकार समितिप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

"How Audit Offices Collaborate With Civil Society ?" सर्वेक्षण प्रतिवेदन सार्वजनिक




प्रकाशित रिपोर्टको नेपालसँग सम्बन्धित अंश

क्यानडा स्थीत संस्था Canadian Audit And Accountability Foundation ले सन् २०२१ मा Audit Office Collaboration With Civil Society Organization सम्बन्धी एक सर्वेक्षण प्रतिवेदन तयार गरेको छ । प्रतिवेदनमा नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेापरीक्षकको कार्यालयबाट कार्यमूलक लेखापरीक्षणलाई सहभागितात्मक बनाउन २५० भन्दा बढीलाई नागरिक लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरी कार्यमूलक लेखापरीक्षणमा संलग्न गराइएको व्यहोरा उल्लेख छ ।

उक्त सर्वेक्षणको मूल आशय Collaborating For Change रहेको र नागरिक समाजका संगठनहरुसँग भएको सूचना, रणनीति, जानकारीलाई लेखापरीक्षणमा प्रभावकारी उपयोग गर्ने उद्देश्यले सो सर्वेक्षण गरेको उक्त प्रतिवेदनमा उल्लेख छ। उक्त सर्वेक्षणको How Audit Office Are Engaging With CSOs ? भन्ने प्रश्न अन्तर्गत Providing Training मा 31 perecentage of responding offices (Supreme Audit Institutions) have provided training to citizens and CSOs and another 24 perecentage plan to. उल्लेख गरी नेपालको सम्बन्धमा "Nepal has provided training to over 250 CSO staff, some of whom have participated in and audit evaluating the performance of local government." भनी उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालयको ६३ औँ वार्षिकोत्सव कार्यक्रम सम्पन्न



वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू

१५ आषाढ, २०७८

महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६२ औँ वर्ष पुरा भई ६३ औँ वर्षमा प्रवेश गरेको अवसरमा भर्चुअलरुपमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालय स्थापनाको ६३ औँ वार्षिक उत्सवको उपलक्ष्यमा कार्यालयका उप-महालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायत सबै कर्मचारी वर्गमा हार्दिक शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्यको क्रममा उहाँले सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा कार्यालयलाई आजको हैसियत र उचाई सम्म ल्याउन योगदान पुऱ्याउनुहुने पूर्व महालेखापरीक्षकज्यूहरु, कार्यालयका पूर्व कर्मचारीहरु, आम संचारकर्मी, लेखापरीक्षण सल्लाहकार समिति, संघीय संसदका माननीय सदस्यज्यूहरु लगायत नेपाल सरकारका विभिन्न निकायका पदाधिकारी सहित सम्पूर्ण व्यक्तित्व प्रति हार्दिक आभार व्यक्त गर्नु भएको थियो । उहाँले विगत वर्षहरुमा सम्माननीय राष्ट्रपतिज्यू, सभामुखज्यू, लगायत विशिष्ट अतिथिहरुको गरिमामय उपस्थितमा कार्यालयको वार्षिकोत्सव भव्यरुपमा मनाउने गरिएकोमा गत वर्ष ६२ औं र यस वर्ष ६३ औं वार्षिकोत्सव समारोह कोभिड-१९ को महामारीका कारण सिर्जित स्वास्थ्य संवेदनशीलताका कारण भौतिक रुपमा एकै स्थानमा उपस्थित भई मनाउने असमर्थ भएतापनि, सूचना प्रविधिको उपलब्धताले भर्चुअल रुपमा कार्यालयको ६३ औं वार्षिकोत्सव मनाइएको बताउनुभयो ।

सम्बोधनका क्रममा उहाँले कोभिड-१९ का कारण लेखापरीक्षण कार्य सञ्चालनको क्रममा स्थलगत रुपमा खटिएका एक सय भन्दा बढी कर्मचारी कोरोना संक्रमित हुनुपरेको र स्थलगत लेखापरीक्षणमा रहनुभएका केही कर्मचारीलाई आकस्मिक उद्धार समेत गर्नुपरेको बताउनुभयो । कोरोना भाइरस (कोभिड-१९) को महामारीबीच महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको र महामारीको यस विषम परिस्थितिमा पनि सक्रियतापूर्वक जिम्मेवारी निर्वाह गर्दै कार्य सम्पादन गर्नुहुने सम्पूर्ण कर्मचारीप्रति आभार व्यक्त गर्नुहुँदै सम्पूर्ण कर्मचारीले व्यवसायिक मर्यादा, सदाचार र सम्पादित कार्यबाट स्वयं कर्मचारीको आत्मसम्मान र पहिचान स्थापित हुने गरी आफ्नो जिम्मेवारी पुरा गर्न समेत ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा लेखापरीक्षण सल्लाहकार समितिका सदस्य श्री पृथ्वीराज लिगलज्यूले कार्यालयको स्थापना दिवसको अवसरमा कर्मचारीहरुलाई शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै संघीयता कार्यान्वयन पश्चात् महालेखापरीक्षकको कार्यालयको

लेखापरीक्षणको दायरा विस्तार भएको अवस्थामा जनशक्ति एवं संस्थागत क्षमता बढाउँदै लैजानुपर्ने बताउनुभयो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री बाबुराम गौतमले कोभिड महामारीको विषम परिस्थितिमा समेत अहोरात्र खटिई कार्यसम्पादन गरेकोमा कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुहुँदै कार्यालयले कर्मचारीको वृत्ति विकास र अन्य समग्र पक्षमा निरन्तर कार्य गर्ने बताउनुभयो । नायव महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट सञ्चालन भएको कार्यक्रममा ट्रेड यूनियनका तर्फबाट कार्यालयको आधिकारीक ट्रेड यूनियनका अध्यक्ष लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डेले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने ७ कर्मचारीहरु निर्देशक श्री पदम बहादुर बस्नेत, लेखापरीक्षण अधिकारीहरु श्री बैभवदीप श्रेष्ठ, श्री लेख बहादुर थापा, श्री कमलराज अर्याल, श्री मञ्जु पन्थी, लेखापरीक्षण अधिक्षक श्री राजु पाण्डे र हलुका सवारी चालक श्री जयकृष्ण गिरीलाई खाईपाई आएको आधा महिनाको तलबले पुरस्कृत गरिएको थियो। कार्यक्रममा लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु सहित कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

❑❑❑

कार्यालयको ६३ औं वार्षिकोत्सवका अवसरमा पुरस्कृत कर्मचारीहरू

						
श्री पदम बहादुर बस्नेत	श्री वैभवदीप श्रेष्ठ	श्री लेखबहादुर थापा	श्री कमलराज अर्याल	श्री मञ्जु पन्थी	श्री राजु पाण्डे	श्री जयकृष्ण गिरी
निर्देशक	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	हलुका सवारी चालक

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा गठित समितिहरू

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन तथा प्रदेश र स्थानीय तहको वार्षिक प्रतिवेदन तयारी संयोजन तथा सम्पादनको लागि निम्नानुसार समितिहरु गठन गरिएको थियो ।

१. संघीय मन्त्रालय तथा निकायको प्रतिवेदन तयारी समिति

२. प्रदेश सरकारको वार्षिक प्रतिवेदन तयारी समिति

३. स्थानीय तहको प्रतिवेदन तयारी समिति

४. कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन तयारी समिति

५. संगठित संस्थानको प्रतिवेदन तयारी समिति

६. कोभिड-१९ विशेष लेखापरीक्षण प्रतिवेदन तयारी समिति

७. माननीय महालेखापरीक्षकको भनाई, उद्देश्य, क्षेत्र र पद्दति तथा भविष्यमा गर्नुपर्ने सुधार तयारी समिति

८. लेखापरीक्षण गरिएका निकायको विवरण लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति र अनुसूची तयारी समिति

९. लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन अवस्था तथा कार्यालय गतिविधि तयारी समिति

१०. वाचन तथा सम्पादन समिति

११. वार्षिक प्रतिवेदन सारांश तयारी समिति

❑❑❑

UN/INTOSAI को २५ औं Symposium मा माननीय महालेखापरीक्षकज्यूको सहभागिता



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू

जुन २८-३०, २०२१

संयुक्त राष्ट्रसंघ र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) को आयोजनामा २५ औं UN/INTOSAI Symposium सम्पन्न भएको छ । कार्यक्रममा कार्यालयको तर्फबाट माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू, उप-महालेखापरीक्षक श्री रामुप्रसद डोटेल, नायव महालेखापरीक्षक श्री घनश्याम पराजुली, निर्देशक श्री सत्यनारायण थापा र लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमालले सहभागिता जनाउनु भएको थियो । भर्चुअल माध्यम मार्फत आयोजित सो कार्यक्रममा १२० इन्टोसाई सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट ३०० भन्दा बढी प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । "Working During and after the pandemic: building on the experience of Supreme Audit Institutions (SAIs) for strengthening effective institutions and achieving sustainable societies" विषयमा तीन दिनसम्म सञ्चालित सो कार्यक्रममा लेखापरीक्षण विधि र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको लेखापरीक्षण कार्यमा महामारीको प्रभाव तथा असर सम्बन्धमा छलफल केन्द्रित भएको थियो । कार्यक्रमको उद्घाटन Intosai Secretary General Margit Kraker, INTOSAI Chair Aleksei Kudrin र Under-Secretary-General of the United Nations for Economic and Social Affairs, Liu Zhenmin ले संयुक्तरुपमा गर्नुभएको थियो । कार्यक्रममा देहाय बमोजिमको ४ विषयहरुमा छलफल भएको थियो :

1. Impact of COVID-19 on SAIs' organizational capacities, working methods and processes
2. Experiences and good practices in auditing the COVID-19 responses and recovery plans
3. Innovative approaches to enhancing the transparency of and accountability for the COVID-19 responses
4. Resilient accountability systems and institutions in the aftermath of COVID-19

उल्लेखित विषयवस्तुको छलफलमार्फत तयार पारिएको मस्यौदा निर्णय तथा सुझावहरुलाई अन्तिम स्वरुप दिइएको थियो । सो छलफलको महत्वपूर्ण सुझावको रुपमा INTOSAI Working Group On Health Care को स्थापना गर्नुपर्नेमा सहभागीहरुको जोड रहेको थियो । साथै कार्यक्रममा अधिकांश सहभागीहरुले विशेषगरी कोभिड-१९ को महामारीको सन्दर्भमा लेखापरीक्षण विधिमा नवीनतम माध्यमको प्रयोग गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरुको आ-आफ्नो अनुभव निरन्तररुपमा आदानप्रदान गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

❑❑❑

माननीय महालेखापरीक्षकज्यूले नव वर्ष वि.सं. २०७८ को उपलक्ष्यमा दिनुभएको शुभकामना सन्देश

टंकमणि शर्मा (दंगाल)
महालेखापरीक्षक

बबरमहल
पोष्ट बक्स नम्बर १३३२८
काठमाडौं,नेपाल

शुभकामना सन्देश

सर्वप्रथम आज २०७८ साल वैशाख १ गते नयाँ वर्षको शुरुवातको दिनमा सु-स्वास्थ्य, सुख, शान्ति र समृद्धीको लागि सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । विगतमा हामी बिच भौतिक उपस्थितिमा शुभकामना आदानप्रदान गर्ने गरिएकोमा कोरोना महामारीका कारण यस वर्ष प्रत्यक्ष भेटघाट सहित शुभकामना आदानप्रदान गर्न संभव नभएकोले यसै सन्देश मार्फत यहाँहरु सबैमा नयाँ वर्ष-२०७८ को शुभकामना व्यक्त गर्दछु ।

सम्वत् २०७६ सालको बीचदेखि फैलिएको कोभिड-१९ महामारीका कारण सम्पूर्ण विश्व मानव समुदाय प्रभावित हुन पुगेको छ । २०७७ सालको अन्तसम्म आइपुग्दा बीचमा केही समय यो महामारी मत्थर भएतापनि पुनः कोरोना संक्रमण फैलन थालेको र प्रभावितको संख्या दिनानुदिन बढ्दै गईरहेको छ । यस परिस्थितिमा हाम्रो कार्य सम्पादन गर्ने तौरतरिका र भेटघाट तथा जमघटको व्यवहारमा पर्याप्त सजगता र सावधानी अपनाउनुपर्ने अवस्था छ ।

यस्तै, जटिल परिस्थितिमा गत वर्ष पनि हामीले कार्य सम्पादन गरेको अनुभव छ । तसर्थ सरकारद्धारा तोकिएका जन-स्वास्थ्यका न्यूनतम् मापदण्डहरु पालना गर्दै व्यक्तिगत स्वास्थ्य सुरक्षा प्रति संवेदनशिल भई तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पन्न गरी संवैधानिक दायित्व निर्वाह गर्ने कार्यमा सदाझै सम्पूर्ण कर्मचारी साथीहरुको साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

अन्तमा पुनः यहाँहरु सबैलाई नयाँ वर्ष २०७८ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

महालेखापरीक्षक

२०७८ वैशाख १

माननीय महालेखापरीक्षकज्यूले चार वर्ष कार्य अवधि पुरा भएको सन्दर्भमा कार्यालयका कर्मचारीलाई दिनुभएको सन्देश



मिति : जेष्ठ ८, २०७८

प्रिय कर्मचारी मित्रहरु,

आज २०७८ साल जेष्ठ ८ गते । आजकै दिन २०७४ साल जेष्ठ ८ गते नेपालको संविधान बोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको महालेखापरीक्षकमा नियुक्ति भई मैले कार्यभार सम्हालेको दिन हो । नेपालको महालेखापरीक्षकको छ वर्षको कार्यकालमध्ये आज मेरो चौथाँ वर्ष पुरा भई पाँचौं वर्षमा प्रवेश गरेको छ। यस अवधिमा मलाई मेरो जिम्मेवारी निर्वाह गर्न अहोरात्र खटिई सहयोग गर्ने कार्यलयका उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षकहरु, निर्देशकहरु, लेखापरीक्षण अधिकारीहरु लगायत सबै कर्मचारी वर्गमा हार्दिक धन्यवाद दिन चाहन्छु । तपाईहरुको सहयोग, सद्भाव, सुझाव र सहकार्यको उच्च कदर गर्दै आगामी दिनमा पनि सदा झैं सहयोग प्राप्त हुने अपेक्षा लिएको छु ।

हामी गत वर्षदेखि नै विश्वव्यापी रुपमा आएको कोभिड-१९ महामारीको चपेटामा परेको छौं । विश्वभर लाखौं मानिसको ज्यान गइएसकेको छ भने करोडौं मानिस यसको संक्रमणबाट ग्रस्त भएका छन् । नेपालमा पनि ६ हजार भन्दा बढी मानिसको ज्यान गईसकेको छ र लाखौं मानिस संक्रमणको जोखिममा रहेका छन् । हाम्रो कार्यालयका कतिपय कर्मचारीहरु र कर्मचारीका परिवार समेत संक्रमित भएका छन्। जिल्ला जिल्लामा लेखापरीक्षण डोरमा खटी गएका कर्मचारी संक्रमित भई उद्धार गर्नुपरेको अवस्था समेत छ । त्यसैले यस विषम परिस्थितमा कोभिड-१९ को संक्रमणमा परी उपचाररत कर्मचारी तथा परिवारजनको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । साथै तोकिएका स्वास्थ्य मापदण्डहरुको पालना गर्दै आफू तथा आफ्नो परिवारको स्वास्थ्य प्रति सजगता अपनाउन समेत सबैमा आग्रह गर्दछु ।

प्रिय कर्मचारी मित्रहरु,

महालेखापरीक्षकलाई नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, तीनै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरु र अधिकांश स्वामित्व भएका लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्य दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन जारी गर्न सक्ने अधिकार दिएको छ ।

संवैधानिक र कानूनी व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले स्थापनाकालदेखि नै सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । मेरो यो चार वर्षको कार्यावधिमा समेत महालेखापरीक्षकको कार्यालयले निष्पक्ष एवं स्वतन्त्रपूर्वक कार्यसम्पादन गरी सार्वजनिक श्रोत र साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोगको लागि प्रशस्त योगदान गरेको छ । यस अवधिमा कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन एसोसाईको गभर्निङ्ग बोर्डमा रहेर काम गरेको छ ।साथै सार्वजनिक क्षेत्रको लेखापरीक्षणका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका कार्यक्रमहरुमा कार्यालयले सक्रियरुपमा सहभागी हुने वा प्रतिनिधित्व गर्ने गरेको छ । यस अवधिमा कार्यालयले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्पष्ट पहिचान सहितको उपस्थिति जनाउँदै आएको छ । महालेखापरीक्षकको प्रतिष्ठा र मर्यादा कायम राख्न एवं थप उचाईमा पुऱ्याउन हामी अझै बढी चनाखो र क्रियाशील हुनुपर्दछ ।

यो चार वर्षको अवधिमा मैले आफ्नो कार्यभार सम्हाल्नासाथ सार्वजनिक गरेको महालेखापरीक्षकको छ वर्षे कार्ययोजना र कार्यालयका अन्य आवधिक तथा रणनीतिक योजनाहरुका आधारमा नेपालको संविधान र लेखापरीक्षण ऐनले निर्दिष्ट गरेका कार्यहरु सम्पादन गर्न हामी क्रियाशील रहेका छौं । कोभिड-१९ महामारीका कारण गत एक वर्षदेखि सामान्य र नियमित काम-कारबाहीदेखि बाहेक अन्य विशेष सुधार गरी फड्को मार्ने प्रकृतिका काम सम्पादन गर्न कठिनाई भएको छ । तथापि यस अवधिमा संगठनात्मक व्यवस्था र कार्यप्रणाली, जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था, लेखापरीक्षण प्रक्रिया, प्रणाली र गुणस्तर, नीतिगत तथा कानूनी, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध तथा सञ्चार तथा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा भईरहेको सुधारका कार्यबाट सन्तोषजनक उपलब्धि प्राप्त भएको महशुस गरेको छु । यस अवधिमा सम्पादित प्रमुख कार्यहरुको छुट्टै विवरण कर्मचारीहरु बीच सर्कुलर गर्नुका साथै कार्यालयको वेभसाईटमा समेत राखिएको छ ।

यो चार वर्षको अवधिमा मैले नेपालको संविधानको धारा २४१

बमोजिमका निकायहरुको लेखापरीक्षण सम्पन्न गरी धारा २९४ (१) अनुसार सम्माननीय राष्ट्रपतिज्यू समक्ष तीनवटा वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेको छु । मेरो कार्यकालको चौथो वार्षिक प्रतिवेदन, २०७८ आगामी असार मसान्तभित्रमा पेश गर्ने कार्यतालिका रहेको छ । यस अवधिमा प्रदेश सरकार र स्थानीय तहका दुईवटा प्रतिवेदन प्रस्तुत तथा जारी भएका छन् । अहिले हामी महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन तयारीको चरणमा छौं । अहिले कोभिड-१९ को विश्वव्यापी प्रकोपको कारण नेपालमा पनि तिव्रगतिले महामारी वृद्धि भई हाल हामी लकडाउन र निषेधाज्ञाको अवस्थामा रहेका छौं । परिस्थिति सहज भएमा महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन २०७८ असार मसान्तभित्र पेश गर्ने कार्यतालिका यथावत् रहेको छ । हाल निषेधाज्ञाको अवधिमा भौतिक रुपमा कार्यालयमा उपस्थिति भई हार्यसम्पादन गर्न नसके पनि भर्चूअल रुपमा लेखापरीक्षण प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु भईरहेका छन् । विद्युतीय माध्यमबाटै गर्न सकिने जति काम सम्पादन गरी सकभर निर्धारित कार्यतालिकाभित्र प्रतिवेदन पेश गर्ने प्रयत्न जारी रहेकोले यसमा सक्रियतापूर्वक आ-आफ्नो जिम्मेवारीको कार्यसम्पादन गर्न सबै कर्मचारी मित्रहरुलाई आग्रह गर्दछु ।

प्रिय कर्मचारी मित्रहरु,

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा चूनौतीहरु थपिएका छन् । हामीसँग उपलब्ध सिमित मानवीय तथा भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था र कोरोना महामारी जस्ता समस्याहरुले उत्पन्न परिस्थितिको सामना गर्न थप चूनौती देखिएको छ । यस परिस्थितिमा नेपालको संविधानले निर्दिष्ट गरेको जिम्मेवारी प्रभावकारी ढंगबाट सम्पादन गर्न हाम्रो संगठनात्मक व्यवस्था र जनशक्ति, कार्य प्रणाली र कार्य प्रक्रिया, नीति र योजनाहरु, कार्य संस्कृति र संस्कारमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको छ । विगतको जस्तो परम्परागत शैली र तौर तरिकाबाट मात्र अब अपेक्षित र नतिजामूलक कार्यसम्पादन गर्न सम्भव नहुने अवस्था रहेको छ । आजको विज्ञान प्रविधिको युगमा हामी अझै पनि सार्वजनिक निकायहरुका ढोका ढोकामा गई लेखापरीक्षण गरिरहेका छौं । यस्तो प्रचलन कदापी समय सान्दर्भिक होइन भनी मैले धेरै अघिदेखि नै भन्दै आएको छु त्यसैले हाम्रो समग्र कार्यप्रणाली र प्रक्रियालाई सूचना प्रविधिको माध्यममा रुपान्तरण नगरेसम्म हाम्रो कार्यसम्पादन स्थिति त्यसको गुणस्तरमा तात्विक परिवर्तन हुन नसक्ने मेरो ठम्याई रहेको छ । हाम्रा काम-कार्यबाहीलाई सूचना प्रविधिमा आधारित बनाउन यसभन्दा अगाडी पनि प्रयासहरु नभएका होइनन् । तर ती प्रयासहरु विविध कारणले कामयाब हुन सकेनन् । अहिले हाम्रो लेखापरीक्षणको मुख्य कामलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सफ्टवेयर तर्जूमाको चरणमा रहेको छ । हामी यसै वर्षको लेखापरीक्षण चरणमा पाईलटिङ्ग गरी आगामी आर्थिक वर्षदेखि विद्युतीय माध्यमबाट लेखापरीक्षण गर्ने योजनामा छौं । यसमा हाम्रा सबै कर्मचारीको विद्युतीय प्रणालीमा कार्यसम्पादन गर्नसक्ने गरी क्षमता विकास हुन जरुरी छ । निकट भविष्यमा यस सम्बन्धी तालिम तथा प्रशिक्षणको पनि व्यवस्था हुनेछ । कर्मचारी मित्रहरु स्वयं समेत अग्रसर भई आफ्नो कार्यक्षमतामा समयानुकुल अभिवृद्धि गरी प्रविधीमैत्री बनाउन समेत यहाँहरु सबैमा हार्दिक आग्रह गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरेका सिद्धान्तहरुलाई अंगीकार गरी लेखापरीक्षणको प्रभाव अभिवृद्धिका लागि वित्तीय र परिपालना लेखापरीषणको अलावा कार्यमूलक, सूचना प्रविधि, दिगो विकास तथा वातावरण, लैंगिक, विधी विज्ञान जस्ता विविध विषयहरुको नियमित र सामयिक रुपमा विशेष लेखापरीक्षणमा जोड दिइने नीति लिइएको छ । यसै वर्ष पनि कार्यमूलक र विशेष लेखापरीक्षण गरिने विषयको संख्या वृद्धि गरिएको छ । कोभिड-१९ को रोकथाम तथा सोसँग सम्बन्धित विषयमा भएका क्रियाकलाप र खर्चहरुको लेखापरीक्षण गरी छुट्टै व्रतिवेदन तयार गर्ने योजना अनुसार समेत कार्य भईरहेको छ । भविष्यमा पनि यस्तै जनसरोकार र सार्वजनिक महत्वका क्षेत्रहरुमा केन्द्रित रही लेखापरीक्षण गर्ने नीति रहेको छ ।

हामीले यस वर्षदेखि पूर्णरुपमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिलाई अंगीकार गरेका छौं । सार्वजनिक निकायहरुलाई जोखिमको आधारमा वर्गीकरण गरी उच्च जोखिमका निकायको विस्तृत लेखापरीक्षण गर्ने, मध्यम जोखिमका निकायको छनौट गरिएको कारोबारको मात्र परीक्षण गर्ने र न्यून जोखिमका निकायको वित्तीय विवरणहरु परीक्षण गरी प्रमाणित गर्ने नीति लिइएको छ । यसैगरी उच्च र मध्यम जोखिमका निकायहरुको स्थलगत लेखापरीक्षण गर्ने र न्यून जोखिमका निकायहरुको दूर लेखापरीक्षण (Remote Audit) को प्रक्रिया अपनाउने नीति लिइएको छ । दूर लेखापरीक्षणको पद्दति विद्युतीय प्रणालीमा आधारित Faceless/Paperless पद्दति हो । यो पद्दति उच्च र मध्यम जोखिमका निकायहरुको कारोबार परीक्षणमा पनि प्रयोग गर्न सकिन्छ । अहिलेको कोभिड-१९ को महामारीको विषम परिस्थितिमा भौतिक रुपमा स्थलगत लेखापरीक्षण गर्न नसकिने अवस्था भएमा यस विधिबाट समेत बाँकी रहेको लेखापरीक्षण कार्य सम्पन्न गर्ने हाम्रो सोच रहेको छ । त्यसैले अब भविष्यको लेखापरीक्षणको तरिका विद्युतीय र कागजरहित लेखापरीक्षण हो भन्ने सबैले आत्मसात् गर्नुपर्ने देखिएको छ ।

स्थानीय तहको लेखापरीक्षणको कार्य पर्याप्त समय दिई उच्च गुणस्तर कायम गर्दै समयमा सम्पन्न गर्न आफैंमा चूनौतीपूर्ण बन्दै गएको छ । हामी अहिले काठमाण्डौमा रहेको कार्यालयबाट जिल्ला जिल्लामा पटके टोली खटाई कार्य सम्पादन गरिरहेका छौं । कोरोना महामारी जस्ता विषम परिस्थितिजन्य

अवस्थामा काठमाण्डौंबाट मात्र कार्यसम्पादन गर्ने प्रयास सार्थक र साध्य नहुने यस वर्षकै लेखापरीक्षणको अनुभवबाट सिद्ध भएको छ । अहिले दुर्गम जिल्लाहरुमा खटाएका लेखापरीक्षण, टोलीहरु मध्ये कोरोना संक्रमणका कारण कतिपय स्थानमा काम सम्पन्न नगरी फर्कनु परेकोले ती स्थानमा पुनः टोली खटाउनुपर्ने अवस्था आएको छ । कतिपय कर्मचारीलाई काठमाण्डौंसम्म उद्धार गर्नुपरेको छ । देशभरका तीनै तहका सरकार र त्यस अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्य सम्पन्न गर्न काठमाण्डौंमा आधारित कार्यालयबाट मात्र संभव देखिदैन । प्रदेश तहमा समेत कार्यालयहरु स्थापना गर्ने प्रयोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भई नेपाल सरकारमा पेश भइसकेको छ । त्यसैले यथाशिघ्र प्रदेशस्तरमा कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउने तर्फ समेत ध्यान केन्द्रित गरिनेछ ।

प्रिय कर्मचारी मित्रहरु,

महालेखापरीक्षकको कार्यालयबाट विगत बैसट्ठ वर्षदेखि लेखापरीक्षण गरी हालसम्म सन्ताउन्न वटा वार्षिक प्रतिवेदनहरु पेश भईसकेका छतन् । मेरो आफ्नै कार्यकालको तीनवटा वार्षिक प्रतिवेदन पेश भई चौथो प्रतिवेदन तयारीको चरणमा रहेको छ । प्रदेश सरकार र स्थानीय तहका दुईवर्षका प्रतिवेदन जारी भईसकेका छन् तर प्रतिवेदनमा दिइएका सुझावहरुको उचित कार्यान्वयनको कमीले वित्तीय प्रशासन र आर्थिक अनुशासन पालनामा आशातित सुधार हुन अझै बाँकी छ। महालेखापरीक्षकका वार्षिक प्रतिवेदन र निकायगत रुपमा जारी हुने लेखापरीक्षण प्रतिवेदनहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छैन । एकै प्रकृतिका व्यहोराहरु वर्षौंदेखि दोहोरिदै आएका छन् । सार्वजनिक निकायहरुबाट ती विषयहरु सम्बोधन गर्न उपयुक्त खालको कानूनी तथा नीतिगत सुधारका लागि प्रभावकारी प्रयास हुनुपर्ने देखिन्छ । यस्तो परिस्थितिमा सुधारका लागि लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु जरुरी छ । यसको लागि लेखापरीक्षण ऐनमा रहेका प्रावधानको कडाईका साथ पालना गराउन विशेष पहल गरिनेछ ।

त्यस्तै, महालेखापरीक्षकको कार्यालयमा पनि लेखापरीक्षणका व्यहोरा कार्यान्वयनको अवस्थाबारे नियमितरुपमा अनुगमन गर्न सशक्त अनुगमन तथा फछ्यौंट ईकाईको व्यवस्था गरिनेछ । महालेखापरीक्षकको आगामी वार्षिक प्रतिवेदनमा विगतका लेखापरीक्षण प्रतिवेदनहरुको कार्यान्वयन स्थितिलाई विशेष रुपमा सम्बोधन गरिनेछ । लेखापरीक्षण ऐन बमोजिम महालेखापरीक्षकले कुनै सार्वजनिक पदाधिकारीले वित्तीय जवाफदेहिता वहन गरे नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने भएकोले वित्तीय जवाफदेहिता निर्वाहको मूल्याङ्कन गर्दै कार्यालय र जिम्मेवार पदाधिकारीको वर्गीकरण पश्चात् प्रतिवेदन मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । यसैगरी सार्वजनिक पदमा वहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनुपर्दा आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता पालनाको स्तर समेतलाई आधार लिने व्यवस्था मिलाउन आवश्यक पहलकदमी गरिनेछ ।

हामीले केही कानूनी तथा नीतिगत व्यवस्थामा समेत परिमार्जन गुर्न जरुरी देखिएको छ । हामी तेश्रो रणनीतिक योजना सम्पन्न गरी अहिले चौथो रणनीतिक योजना तयारीको चरणमा रहेको छौं । केही समयभित्र नै चौथो रणनीतिक योजना कार्यान्वयनमा आउने छ । सो रणनीतिक योजनामा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायत्तता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास र सरोकारवालासँगको सम्बन्ध सुधार जस्ता विषयहरु समावेश गरिएका छन्। यस्तै, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यसम्पादनको आवधिक रुपमा मूल्याङ्कन गर्ने प्रचलन अनुसार थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट हाम्रो कार्यसम्पादन मूल्याङ्कन भई सोको मस्यौदा प्रतिवेदन प्राप्त भएको छ । अबको केही समय पश्चात् सोको अन्तिम प्रतिवेदन समेत प्राप्त हुनेछ । कार्यालयलाई प्राप्त भएको मस्यौदा प्रतिवेदन अनुसार हाम्रो विगतको कार्यसम्पादन स्थिति उच्चस्तर र सन्तोषजनक रहेको छ भने केही क्षेत्रमा विशेष सुधार गर्नुपर्ने देखिएको छ । उक्त प्रतिवेदनले औंल्याएका मध्ये उच्चस्तरको कार्यसम्पादन भएका क्षेत्रको उच्च अङ्क कायम गर्दै न्यून अङ्क प्राप्त भएका क्षेत्रलाई सुधार गर्न सबैको साझा प्रयत्न र पहलकदमी हुनपर्दछ ।

प्रिय कर्मचारी मित्रहरु,

नीतिगत सुधारको सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र लेखापरीक्षण ऐन, २०७५ तर्जूमा भई कार्यान्वयनमा आएको छ । लेखापरीक्षण ऐनका प्रावधानहरुलाई व्यवस्थित तरिकाले कार्यान्वयनमा ल्याउन लेखापरीक्षण नियमावली तर्जूमाको प्रक्रियामा रहेको छ । यसैगरी लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सञ्चालनको लागि छुट्टै नेपाल लेखापरीक्षण सेवा गठन, श्रेणी विभाजन र नियुक्ति नियमहरु, २०७७ तर्जूमा भई कार्यान्वयनमा आएको छ । आगामी दितनमा यस नियमावलीमा थप परिमार्जन गरी लेखापरीक्षण सेवाका कर्मचारी परिचालन, सीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसर लगायतका विषयहरु समावेश गरी थप व्यवस्थित गरिनेछ । यसका अलावा कार्यालयको आन्तरिक सुशासन प्रणाली सुदृढ गर्न आन्तरिक कार्यसञ्चालन कार्यविधि तर्जूमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

हामीले सर्वोच्च लेखापरीषण संस्थाको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका लेखापरीक्षणमानहरुलाई अनुशरण गर्दै नेपाल सरकारी लेखापरीक्षणमान जारी गरेका छौं । यस लेखापरीक्षणमानलाई कार्यान्वयन गर्न वित्तीय, परिपालना र कार्यमूलक लगायतका मार्गदर्शनहरु तयारी एवं अद्यावधिक गर्ने कार्य भइरहेका छन् । यसैगरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरुपको बनाउन ईन्टोसाई मानदण्ड ग्रहण गरी २०७७ श्रावणदेखि कार्यान्वयनमा ल्याईएको छ। यसबाट नेपालको सार्वजनिक लेखापरीक्षण अन्तर्राष्ट्रियस्तर अनुरुप हुने विश्वास लिएको छु । महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास तथा प्रशासकीय र वित्तीय स्वायत्तता हासिल गर्न आवश्यक कानूनी र नीतिगत व्यवस्था गरिनेछ। त्यस्तै, सरकारी लेखापरीक्षण अनुसन्धान तथा विकास र संस्थागत स्मरणको लागि लेखापरीक्षण अनुसन्धन तथा अभिलेखालय (Audit Research & Archive Center), जनशक्ति विकासको लागि सुविधा सम्पन्न लेखापरीक्षण उत्कृटता केन्द्र (Audit Excellence Centre) तथा सूचना प्रविधि केन्द्रको (Information Technology Centre) स्थापनाका साथै लेखापरीक्षण गुणस्तर आश्वस्तता ईकाइलाई थप सुदृढ र प्रभावकारी बनाईने छ ।

संवैधानिक निकायहरु, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरु बीच यथोचित् समन्वय गरी वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन कायम गर्नमा सहयोग पुऱ्याइने छ ।

संघीय संसद तथा विभिन्न संसदीय समितिहरु, प्रदेशसभा तथा यसका समितिहरु र स्थानीय तह लगायतका सबै निकायसँग नियमित अन्तरक्रिया र छलफलको माध्यमबाट कार्यगत सम्बन्ध विस्तार गरिनेछ । साथै, लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्न नागरिक समाज लगायतका सरोकारवाला निकाय तथा संस्थाहरुसँग सहकार्य गरिनेछ । त्यस्तै, सार्वजनिक संस्थान तथा प्रतिष्ठानहरु तर्फ सरकारको ठूलो लगानी भएकोले त्यस्ता निकायहरुको लेखापरीक्षण मार्फत् वित्तीय अनुशासन पालना तथा जिम्मेवारी र जवाफदेहिता प्रबर्द्धनमा विशेष पहल गरिनेछ ।

हाम्रो कार्यालयको कमजोर भौतिक सुविधाको कारणले कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरणको कमी रहेको मैले महशुस गरेको छु । हाल बबरमहल, पुल्चोक लगायत ६ स्थानबाट कार्यालय सञ्चालन एवं व्यवस्थापन भएता पनि कोरोना महामारीको अवस्थाले स्थान अभाव भई सामाजिक दुरी कायम गर्नमा समेत कठीनाई भएको छ । मैले जिम्मेवारी सम्हाले देखि नै कार्यालय भवन बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै आएकोमा कोरोना महामारीका कारणले निर्माण कार्य सम्पन्न गर्न पुनः केही समय ढिला हुने देखिएको छ । तथापी निकट भविष्यमा छिट्टै नै उचित कार्य वातावरण सहित सुविधा सम्पन्न भवनबाट कार्य सञ्चालन गर्ने अपेक्षा लिएको छु । आगामी दिनहरुमा हाम्रो जनशक्तिको क्षमता विकास र कामप्रति उत्प्रेरणा, पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था र नविनतम् प्रविधिको प्रयोगद्वारा विद्यमान कार्यप्रणालीमा व्यापक सुधारका रणनीतिले यस्ता चूनौती सामना गर्न सकिने मेरो विश्वास रहेको छ ।

प्रिय कर्मचारी मित्रहरु,

महालेखापरीक्षकको कार्यालय मार्फत् सार्वजनिक निकायहरुमा आर्थिक अनुशासनको पालना र सुशासन प्रबर्द्धन गर्न/गराउन मद्दत पुग्ने मेरो मान्यता रहेको छ । हामी देशको सर्वोच्च लेखापरीक्षण संस्थामा काम गर्ने जनशक्ति भएकोले हाम्रो पेशागत व्यवहार र हामीले गरेको काममा कुनै खोट देखिनु हुँदैन । आफ्नो र संस्थाको विश्वसनियता अभिवृद्धि गर्न हाम्रा मूल्य र मान्यताहरुमा सम्झौता नगरी तोकिएको आचारसंहिताको पूर्णपालना गर्नमा सबैको ध्यान जानेछ भन्ने मेरो अपेक्षालाई पुनः देहोऱ्याउन चाहन्छु । सरकारी लेखापरीक्षण केवल हिसाब किताब मिले नमिलेको हेर्ने र बील भर्पाइ जाँच गर्ने प्रक्रिया मात्र होइन । यो शासकीय प्रणालीको शुद्धता जाँच्ने संयन्त्र समेत हो । यसले शासकीय प्रणालीमा रहेको विकृति र विसंगतिहरुलाई उजागर गरी निर्मुल गर्ने प्रयत्न गर्दछ । यस्तो गहन जिम्मेवारी पाएका हामीले यहि अवधारणा अनुसार कार्यसम्पादन गरेमा हाम्रो शासकीय प्रबन्धमा रहेका कमी कमजोरीहरु समाप्त गर्न समेत हाम्रो महत्वपूर्ण योगदान रहनेमा म विश्वस्त रहेको छु ।

मैले महालेखापरीक्षकको जिम्मेवारी सम्हालेको चार वर्ष व्यतित भई पाँचौं वर्षमा प्रवेश गर्दा मेरो छ वर्षे कार्यकालको दुईतिहाइ कार्यावधी समाप्त भई अब एकतिहाई अवधि मात्र बाँकी रहेको छ । मैले महालेखापरीक्षकको जिम्मेवारी लिएपछि नेपालको वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन पालना गरी सुशासनमा योगदान पुऱ्याउने अठोट सहितको प्रतिबद्धताका साथ यो कार्यभार सम्हालेको हो । आज पनि मैले जिम्मेवारी लिंदाका बखतको प्रतिबद्धता, उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आउन दिएको छैन । मैले मेरो ज्ञान, सीप, अनुभव र समय पूर्णरुपमा महालेखापरीक्षकको काम कर्तव्य प्रति समर्पित रहनेगरी यो जिम्मेवारी लिएको हुँदा मेरो कार्यकालमा यस संस्थाले मेरो क्षमताको पूर्णरुपमा उपयोग गर्न सकोस् भन्ने मेरो चाहना रहेको छ । मेरो बाँकी कार्यावधी मैले यो जिम्मेवारी लिंदाको प्रतिबद्धता अनुसार निर्वाह गर्ने आश्वस्तता व्यक्त गर्दै तपाईहरुको सहयोग र सदभाव सदाझैं प्राप्त हुने विश्वास लिएको छु ।

यो चार वर्षको अवधिमा मेरो कार्यसम्पादनका क्रममा मलाई सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबै संवैधानिक तथा सरकारी निकायका पदाधिकारीहरु, संघीय संसदका समितिहरु, प्रदेशसभा तथा त्यसका समिति र

प्रदेश सरकारका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका सर्वोच्च लेखापरीक्षण संस्थाका छाता संगठनहरु, विकास साझेदार, पारदर्शिता र जवाफदेहिताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु, आम सञ्चारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति, कार्यालयका सबै कर्मचारहीहरु लगायत सबै सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा, हामी अहिले कोभिड-१९ को महामारीको चपेटामा छौं । यस्तो विषम परिस्थितिमा समेत हाम्रा केही कर्मचारीहरु अझैसम्म मोफसलका जिल्लाहरुमा कष्टपूर्ण तवरले लेखापरीक्षणको कार्यमा तल्लिन रहेका छन् । म उहाँहरुको आफ्नो जिम्मेवारी प्रतिको लगनशीलताको उच्च कदर गर्दै कुनै पनि बेला असहज परिस्थिति भएमा कार्यालय व्यवस्थापनसँग समन्वय गरी काठमाण्डौ फर्कन आग्रह गर्दछु । दुर्गमा जिल्लामा लेखापरीक्षण कार्यमा खटिएका कर्मचारीहरु कोरोनाको संक्रमणमा परी अशक्त भएपछि हेलिकोप्टरको माध्यमबाट समेत उद्धार गरिएको छ । कार्यालयको काममा खटिएका कर्मचारीको उद्धार तथा स्वास्थ्य उपचारमा कार्यालय अतिनै संवेदनशील रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संसारलाई जित्ने मानवजाती कोरोना रोगको अगाडी नतमस्तक बन्नु परेको छ । कोभिड-१९ ले हामी सबै एकअर्कामा समान र अन्तरनिर्भर छौं भन्ने मानवियताको महत्वपूर्ण पाठ सिकाएको छ । यस अवस्थामा जीवन रक्षाको लागि आपसी सहयोग र सदभाव अति आवश्यक भएकोले कर्मचारीहरु बीचमा समेत एकापसमा आवश्यक सहयोग आदान प्रदान गर्नको लागि अनुरोध गर्दछु । त्यसैगरी कुनै कर्मचारी आफै वा परिवारका सदस्य बिरामी परी आफ्नो व्यक्तिगत पहल र प्रयासबाट समाधान हुन नसक्ने कुनै समस्या आईपरेमा कार्यालय व्यवस्थापनमा सम्पर्क र समन्वय गरी आवशयक सहयाग लिनको लागि समेत आग्रह गर्दछु ।

सानो लापरवाही, बेपर्वाह वा बेवास्ता गरेमा यस रोगले कसैलाई पनि नछोडेको दिनानुदिनका घटनाबाट सिद्ध भएको छ । हामीले जनस्वास्थ्यका ताकिएका न्यूनतम् मापदण्ड पालना गरिएमा यस अदृष्य शत्रुलाई अवश्य परास्त गर्न संभव हुने देखिएकाले अहिलेको परिस्थितिमा निश्चित जनस्वास्थ्यका मापदण्ड र सामाजिक दूरीको नियम पालना गर्दै घरभित्रै रहेर व्यक्तिगत र व्यावसायिक जिम्मेवारी पुरा गरौं । हामी सबैको साझा प्रयास र आपसी समन्वयद्वारा कोभिड-१९ लाई परास्त गरौं । यसको संक्रमणको भयबाट सदाको लागि मुक्त भई हामी चाँडै नै पुनः सामान्य जीवनमा फर्की सदा झैं एकापसमा भेटघाट गरी काममा जुट्न सकौं भन्ने अपेक्षा सहित यहाँहरु सम्पूर्णमा आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

तपाई र तपाईको परिवारमा सुस्वास्थ्यको लागि हार्दिक शुभकामना ।

धन्यवाद !!

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

टंकमणि शर्मा (दंगाल)
महालेखापरीक्षक

बबरमहल
पोष्ट बक्स नम्बर १३३२८
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालयको ६३ औं वार्षिकोत्सवको अवसरमा माननीय महालेखापरीक्षकज्यूले कार्यालयका कर्मचारीहरूलाई दिनुभएको शुभकामना सन्देश

प्रिय कर्मचारी मित्रहरु,

आज २०७८ साल आषाढ महिनाको १५ गते । महालेखापरीक्षकको कार्यालय २०१६ सालमा आजकै दिन स्थापना भएको थियो । आज कार्यालयको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयका उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायत सबै कर्मचारी वर्गमा भर्चुअल माध्यम मार्फत नै हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, आज वार्षिकोत्सवका सन्दर्भमा पुरस्कृत हुनु भएका कर्मचारीहरुलाई हार्दिक बधाई दिन चाहन्छु । भविष्यमा समेत तपाईहरु र अन्य कर्मचारी साथीहरुबाट थप उत्कृष्टता हासिल हुने अपेक्षा गरेको छु ।

यस अवसरमा मुलुकको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा कार्यालयलाई आजको हैसियत र उचाईसम्म पुऱ्याउन योगदान गर्नुहुने नेपाल सरकार, संघीय संसद र अन्तर्गतका समितिहरु, संवैधानिक निकायहरु, प्रदेश सभा र समितिहरु स्थानीय तह, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु, पूर्व

महालेखापरीक्षकज्यूहरु, कार्यालयका पूर्व कर्मचारीहरु, आम सञ्चारकर्मी लगायत नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीसहित सम्पूर्णप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अहिले हामी गत वर्षदेखि नै विश्वव्यापीरुपमा आएको कोभिड-१९ महामारीको चपेटामा परेका छौं । कोभिड-१९ को संक्रमणमा परी उपचाररत कर्मचारी तथा तीनका परिवारजनको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस्तो विषम परिस्थितिमा समेत कुनै विचलित नभई आफ्नो जिम्मेवारी निर्वाह गर्ने सबै कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद भन्न चाहान्छु ।

प्रिय कर्मचारी मित्रहरु

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, तीनै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरु र अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारी र औचित्य समेतको दृष्टिकोणले परीक्षण गरी सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था छ । कार्यालयले आवधिक रणनीतिक योजनाहरु र महालेखापरीक्षकको ६ वर्ष कार्ययोजना कार्यान्वयन गर्दै आएको छ । यी कार्ययोजना सँगै नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था एवं निर्दिष्ट लक्ष्य उद्देश्य हासिल गर्न सार्वजनिक लेखापरीक्षणसँग सम्बन्धित विभिन्न विषयमा सुधारका कार्य सम्पन्न भएका र कतिपय सुधारको क्रममा रहेका छन् । महालेखापरीक्षकको ६ वर्ष कार्ययोजना अनुसार विगत ४ वर्षमा भएको प्रगति र सुधारका कार्य यसअघि वेवसाईट मार्फत सार्वजनिक भइसकेको छ ।

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ । यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यसम्पादनको आवधिक रुपमा मूल्याङ्कन गर्ने प्रचलन अनुसार थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट हाम्रो कार्यसम्पादन मूलयाङ्कन भई प्राप्त मस्यौदा प्रतिवेदन अनुसार हाम्रो विगतको कार्यसम्पादन स्थिति उच्चस्तर र सन्तोषजनक रहेको छ । लेखापरीक्षण ऐन, २०७५ कार्यान्वयनमा आईसकेपछि नयाँ लेखापरीक्षण नियमावलीको आवश्यकता रहेकोले लेखापरीक्षण नियमावली तर्जुमाको चरणमा रहेको छ ।

महालेखापरीक्षकको कार्यालय स्थापनाको अवधिमा ५७ वटा वार्षिक प्रतिवेदन प्रस्तुत भईसकेका छन् । मेरो कार्यकालमा नेपालको संविधान बमोजिम महालेखापरीक्षकको ५५ औं, ५६ औं र ५७ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष र आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को प्रदेशगत वार्षिक प्रतिवेदनहरु माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गरिएको छ भने सम्पूर्ण स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरु समेत सँगसँगै जारी गरिएका छन् । हाल आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, प्रदेशगत वार्षिक प्रतिवेदन र स्थानीय तहका अन्तिम लेखापरीक्षण प्रतिवेदनहरु असार मसान्तसम्मा पेश गर्ने गरी कार्यतालिका बमोजिम अन्तिम चरणको कार्य भईरहेको छ । यसमा सदा झैं सबै कर्मचारीको सक्रिय सहभागिताको लागि आग्रह गर्दछु ।

प्रिय कर्मचारी मित्रहरु

हाम्रो कार्यालयको कमजोर भौतिक सुविधाको कारणले कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरणको कमी रहेको मैले महशुस गरेको छु । सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ गते शिलान्यास भएको अनामनगरस्थित नयाँ कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको र निकट भविष्यमा भवन सञ्चालनमा आएपछि विद्यमान अवस्थामा कार्यालय सञ्चालन र स्रोत साधनको व्यवस्थापनमा थप सहजता हुने विश्वास लिएको छु ।

महालेखापरीक्षकको स्वायत्तता तथा प्रभावकारीताको लागि यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा समूह रहेको भएतापनि सेवाको सञ्चालन नेपाल सरकारबाट भईरहेको छ । अन्य निजामती कर्मचारी र यस कार्यालयका कर्मचारीबीच सेवा शर्त र सुविधामा कुनै फरक छैन । यस नीतिले यस कार्यालयमा कार्यरत कर्मचारीलाई संवैधानिक निकायमा निभाएको भूमिकाको छुट्टै मूल्याङ्कन गरी विशेष व्यवस्था गर्न सकिएको छैन । तसर्थ, यस्तो नीतिमा परिवर्तन गरी यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा शर्त र सुविधा हुनुपर्ने कुरामा मेरो ध्यानाकर्षण भएको छ । यसको पहिलो प्रयासको रुपमा लेखापरीक्षण सेवा सञ्चालन सम्बन्धी नियमावली कार्यान्वयन आइसकेको छ । अब क्रमशः थप व्यवस्थाहरु गर्दै जानुपर्ने देखिएको छ ।

त्यस्तै, सरकारी लेखापरीक्षण अनुसन्धान तथा विकास र संस्थागत स्मरणको लागि लेखापरीक्षण अनुसन्धान तथा अभिलेखालय (Audit Research & Archive Center), जनशक्ति विकासको लागि सुविधा सम्पन्न लेखापरीक्षण उत्कृष्टता केन्द्र (Audit Excellence Centre) तथा सूचना प्रविधि केन्द्रको (Information Technology Centre) स्थापनाका साथै लेखापरीक्षण गुणस्तर आश्वस्तता ईकाइलाई थप सुदृढ र प्रभावकारी बनाईनु पर्ने देखिएको छ ।

देशभरका तीनै तहका सरकार र त्यस अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्य सम्पन्न गर्न काठमाडौंमा आधारित कार्यालयबाट मात्र सम्भव देखिंदैन । प्रदेश तहमा समेत कार्यालयहरु स्थापना गर्ने प्रयोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भई नेपाल सरकारमा पेश भईसकेको छ । त्यसैले यथाशिघ्र प्रदेशस्तरमा कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउने तर्फ समेत ध्यान केन्द्रित गरिने छ ।

प्रिय कर्मचारी मित्रहरु,

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा चूनौतीहरु थपिएका छन् । हामीसँग उपलब्ध सिमित मानवीय तथा

भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था र कोरोना महामारी जस्ता समस्याहरुले उत्पन्न परिस्थितिको सामना गर्न थप चुनौती देखिएको छ । यस परिस्थितिमा प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्न हाम्रो संगठनात्मक व्यवस्था र जनशक्ति, कार्य प्रणाली र कार्य प्रक्रियामा र कार्यसंस्कृतिमा पुनरावलोकन गर्न जरुरी छ।हाम्रो जनशक्तिको क्षमता विकास र पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था गरी नविनतम् प्रविधिको प्रयोगद्वारा जोखिममा आधारित लेखापरीक्षण प्रणाली अवलम्वन गरी पेशागत आचरणको पूर्णपालना गर्दै यस्ता चूनौती सामना गर्न सकिनेमा मेरो विश्वास रहेको छ ।


हामी महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनको तयारीको क्रममा छौं । कोभिड-१९ महामारीका बीचमा हामी यो कार्य गर्दै छौं । यस विषम परिस्थितिमा समेत हामी चुनौतीलाई अवसरमा परिवर्तन गर्ने गरी कार्य सम्पादन गर्नुपर्नेछ । यस जटिल अवस्थामा आफूलाई तोकिएका कार्यसम्पन्न गर्न अनवरतरुपमा जुटनका लागि आग्रह सबै कर्मचारीमा आग्रह गर्दछु । साथै, यस्तो असहज परिस्थितिमा समेत विचलित नभई जिल्ला जिल्लामा स्थलगत लेखापरीक्षण सम्पन्न गर्ने र कार्यालयमा अनवरत काम गर्ने सबै कर्मचारीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आजको वार्षिकोत्सवको अवसरमा महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबै संवैधानिक तथा सरकारी निकायका पदाधिकारीहरु, संघीय संसदका समितिहरु,प्रदेशसभा तथा त्यसका समिति र प्रदेश सरकारका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका सर्वोच्च लेखापरीक्षण संस्थाका छाता संगठनहरु, विकास साझेदार, पारदर्शिता र जवाफदेहिताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु, आम सञ्चारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति, कार्यालयका सबै कर्मचारीहरु लगायत सबै सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा

हामी झै पनि कोभिड-१९ को त्रासबाट मुक्त भएका छैनौं । हामी सबैको साझा प्रयास र आपसी समन्वयद्वारा कोभिड-१९ लाई परास्त गर्न सकौं । यसको संक्रमणको भयबाट सदाको लागि मुक्त भई हामी चाँडै नै पुनः सामान्य जीवनमा फर्की सदा झैं एकापसमा भेटघाटगरी काममा जुटन सकौं भन्ने अपेक्षा सहित यहाँहरु सम्पूर्णमा आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

तपाई र तपाईको परिवारमा सुस्वास्थ्यको लागि हार्दिक शुभकामना ।। धन्यवाद !!



टेकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजनाको कार्यसञ्चालन स्थिति

नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बीच सन् २०१८ अगस्ट २४ मा भएको अमेरिकी डलर १,५०,००,००० अनुदान उपलब्ध गराउने गरी भएको सम्झौता अनुसार Integrated Public Financial Management Reform Project (P 164783) आयोजना कार्यान्वयनमा रहेको छ । आयोजनाको कार्यान्वयन अवधि सन् २०२१ जुलाई ३० सम्म रहेकोमा सन् २०२२ जुलाई ३० सम्म म्याद थप भएको छ । आयोजनामा रहेका ४ भागमध्ये भाग २ महालेखापरीक्षकको कार्यालय सुदृढीकरणसँग सम्बन्धित रहेको छ । यस प्रयोजनका लागि शुरुमा चालिस करोड रुपैया अर्थात अमेरिकी डलर ४० लाख बजेट स्वीकृत भएकोमा पुनंसरचनाबाट संशोधन भई ३३ करोड १२ लाख ४५ हजार अर्थात अमेरिकी डलर ३३ लाख १२ हजार ४५० कायम भएकोमा २०७७।७८ सम्म रु. १६ करोड ५३ लाख ५७ हजार खर्च भएको छ । आयोजनामा नेपाल सरकारले १७ प्रतिशत र विश्व बैंकले ८३ प्रतिशत अंश व्यहोर्ने कार्यक्रम रहेको छ । आयोजनाको हालसम्मको वित्तीय प्रगति निम्न रहेको छ ।

आर्थिक वर्ष	विनियोजित बजेट रु.	खर्च रु.	खर्च प्रतिशत
२०७५।७६	१५,८४,३१,०००	६२,०२,१५३	३.९१
२०७६।७७	११,९७,११,०००	६,५१,६२,९८५	५४.४३
२०७७।७८	२४,८७,८८,०००	९,३९,९२,३३८	३७.७८
जम्मा	**५२,६९,३०,०००**	**१६,५३,५७,४७६**	**३१.३८**
२०७८।७९ को लागि प्रस्तावित	२५,३७,७४,०००		

महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाको प्रगति

आयोजना अन्तर्गत वार्षिक लेखापरीक्षण योजना, रणनीतिक योजना, आचारसंहिता, लेखापरीक्षण मार्गदर्शन, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली, कार्यमूलक लेखापरीक्षण र लेखापरीक्षणमा नागरिक सहभागिता वृद्धि लगायतका कार्यमा सेवा प्रदत्त गर्न परामर्शदाता Earnst & Young LLP सँग अमेरिकी डलर १५,८३,२४३ को सम्झौता २०१९ अगष्ट २९ मा भएको थियो । उक्त सम्झौताको म्याद २१ महिना अर्थात् २८ मे २०२१ सम्म रहेकोमा विद्यमान महामारीको कारण ६ महिना अर्थात ३० नोभेम्बर २०२१ सम्म म्याद थप भएको छ । सम्झौता अनुसार परामर्शदाताले कार्य सम्पादन गरी पेश गर्नुपर्ने ३३ प्रतिवेदनमध्ये हालसम्म विभिन्न २५ प्रतिवेदन प्राप्त भएका छन् ।

२०७७ माघदेखि २०७८ श्रावणसम्म प्रदान गरिएका राय एवं कार्यालयको प्रतिनिधित्व

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Institute of Internal Auditors-India (IIA-India) बीच हुने Memorandum of Understanding स्वीकृति, नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था र Chartered Accountants Australia and New Zealand (CAANZ) बीच हुने Memorandum of Understanding स्वीकृतिका सम्बन्धमा अर्थ मन्त्रालय र प्रदेश सरकार वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ तर्जुमा सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राय माग भए बमोजिम कार्यालयबाट २०७७।१०।२०, २०७७।१२।०१ र २०७७।१२।०६ मा राय प्रदान गरिएको छ । अर्थ मन्त्रालयबाट माग भई आए बमोजिम अन्तर्राष्ट्रिय मुद्रा कोषको Fiscal Affairs Department को Technical Assistance Mission लाई आवश्यक समन्वय र सहजीकरण गर्ने प्रयोजनार्थ निर्देशक श्री सत्यनारायण थापाले प्रतिनिधित्व गर्नुभएको छ ।

माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा २०७७ माघदेखि २०७८ श्रावणसम्म सम्पन्न भर्चुअल बैठकको विवरण

क्र.सं.	मिति	विवरण
१	२०७७/१०/२५	महालेखापरीक्षकको कार्यालयको चौथो रणनैतिक योजना तर्जुमा कार्यशालालाई सम्बोधन
२	२०७७/११०६	कार्यालयको नियमित वैठक
३	२०७७/११/२०	सार्वजनिक संस्थानहरुमा नियुक्त लेखापरीक्षकलाई लेखापरीक्षण सम्बन्धी निर्देशन
४	२०७७/११/१९	प्रदेश नं. १ र २ लेखापरीक्षण महानिर्देशनालयबाट प्राप्त प्रस्ताव उपर केन्द्रीय समन्वय इकाईको वैठक
५	२०७७/१२/२०	संघीय संसदका अर्थ समिति, दिगो विकास तथा सुशासन समिति, सार्वजनिक लेखा समितिका माननीय सभापति, मूख्य सचिव र मन्त्रालयका सचिवहरु, संवैधानिक निकायका सचिवहरुसँग चौथो रणनीतिक योजना तर्जुमा सम्बन्धमा भर्चुअल कार्यशाला
६	२०७७/१२/२३	प्रदेश लेखा समितिका माननीय सभापति, प्रदेशका प्रमुख सचिवहरु, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवहरुसँग चौथो रणनीतिक योजना तर्जुमा विषयक भर्चुअल कार्यशाला
७	२०७७/१२/२४	नागरिक समाजका प्रतिनिधिहरु, विकास साझेदारहरु, नियमनकारी निकायका प्रतिनिधिहरु र महालेखापरीक्षकको कार्यालयका पूर्व पदाधिकारीहरुबीच चौथो रणनीतिक योजना तर्जुमा विषयक भर्चुअल कार्यशाला
८	२०७७/१२/१८	कार्यालयको नियमित वैठक
९	२०७८/०१/२९	कार्यालयको नियमित वैठक
१०	२०७८/०२/०२	परराष्ट्र र सार्वजनिक संस्थान लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
११	२०७८/०२/०३	गृह, रक्षा र संवैधानिक निकायको निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
१२	२०७८/०२/०४	कार्यमूलक लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
१३	२०७८/०२/०५	उर्जा, सिंचाई, पर्यटन, खानेपानी र शहरी विकास लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल

१४	२०७८/०२/०६	भौतिक पूर्वाधार तथा सञ्चार लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
१५	२०७८/०२/०६	मेलम्ची खानेपानी विकास समितिको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
१६	२०७८/०२/०७	संघ, प्रदेश र स्थानीय तहको कोभिड-१९ विशेष लेखापरीक्षण सम्बन्धमा छलफल
१७	२०७८/०२/०९	सामाजिक सेवा विभाग मातहत लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
१८	२०७८/०२/०९	महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनसँग सम्बन्धित संघीय मन्त्रालय तथा निकायको प्रतिवेदन तयारी समिति
१९	२०७८/०२/१०	अर्थ तथा भंसार र आन्तरिक राजस्व लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
२०	२०७८९/०२/११	प्रदेश नं. १ र २ लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण मस्यौदा उपर छलफल
२१	२०७८/०२/१२	बागमती र गण्डकी लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
२२	२०७८/०२/१३	लुम्बिनी, कर्णाली र सुदूर पश्चिम लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर छलफल
२३	२०७८/०२/१३	महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन सारांश तयारी समितिसँग छलफल
२४	२०७८/०२/१४	महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनसँग सम्बन्धित प्रदेश सरकारको वार्षिक प्रतिवेदन तयारी समितिसँग छलफल
२५	२०७८/०२/१६	कार्यालयको नियमित वैठक
२६	२०७८/०२/१६	लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन अवस्था तथा कार्यालय गतिविधि तयारी समितिसँग छलफल
२७	२०७८/०२/१८	सार्वजनिक संस्थानको लेखापरीक्षण प्रगति सम्बन्धी छलफल
२८	२०७८/०२/१९	सार्वजनिक संस्थानको लेखापरीक्षण प्रगति सम्बन्धी छलफल
२९	२०७८/०२/१९	कृषि वन र भुमि व्यवस्था लेखापरीक्षण निर्देशनालय अन्तर्गतका कार्यालयको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर छलफल
३०	२०७८/०२/२१	लेखापरीक्षण सल्लाहकार समितिसँगको वैठक
३१	२०७८/०२/२६	राष्ट्रिय विमा संस्थान र राष्ट्रिय विमा कम्पनी लिमिटेडको लेखापरीक्षण सम्बन्धमा छलफल
३२	२०७८/०३/०१	कार्यालयको नियमित वैठक
३३	२०७८/०३/१५	कार्यालयको ६३ औं वार्षिकोत्सवमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रम
३४	२०७८/०४/११	कार्यालयको नियमित वैठक

२०७७ माघदेखि २०७८ श्रावणसम्म राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	मिति
१	विभिन्न	कार्यालयका विभिन्न तहका कर्मचारी	रणनीतिक योजना उपर आन्तरिक सरोकारवालासँग छलफल	अन्तर्क्रिया	नीति तथा योजना तथा जनशक्ति महानिर्देशनालय	२०७७/१०/२५
२	नायव महालेखापरीक्षक	श्री वामदेव शर्मा अधिकारी	Audit and it's Challenges	अन्तर्क्रिया	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था	२०७७/११/१४
३	विभिन्न	यूएटी समिति तथा विषयगत लेखापरीक्षण मार्गदर्शन सुझाव समितिका पदाधिकारीहरु	परामर्शदातालाई दिइएका सुझाव हरु उपर छलफल	अन्तर्क्रिया	परामर्शदाता	२०७७१०।२६ देखि २०७७११।७

४	विभिन्न	नागरिक समाजसँग सम्बन्धित संस्थाका प्रतिनिधि र कार्यालयका कर्मचारीहरु	लेखापरीक्षणमा सरोकारवालाको सहभागिता	तालिम	कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय	२०७७।११।१७
५	नायब महालेखापरीक्षक	श्री घनश्याम पराजुली	नीति तर्जुमा सम्बन्धी	अन्तर्क्रिया	नीति अनुसन्धान प्रतिष्ठान	२०७७।११।१९
६	नायब महालेखापरीक्षक	श्री घनश्याम पराजुली	प्रदेशस्तरीय पेफा अभिमुखीकरण तालिम	तालिम	सर्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय	२०७७।११।२१ देखि २०७७।११।२४ सम्म
७	नायब महालेखापरीक्षक	श्री पदमराज पौडेल	Integrated National Financing Framework (INFF) and Budgeting for the 2030 Agenda: Financing Sustainable and Inclusive Recovery	अन्तर्क्रिया	United Nations Nepal	२९ देखि ३१ मार्च २०२१
८	निर्देशक	श्री कमलप्रसाद सिलवाल	Orientation & Interaction Program on PEFA Assessment Framework & Approach and the PEFA Excel Based toolkit	तालिम	पेफा सचिवालय, USAID को सहकार्यमा संचालित	चैत्र, २०७७
१०.	विभिन्न	सार्वजनिक लेखा समिति, अर्थ समिति, दिगो विकास समिति मुख्य सचिव, मुख्य रजिष्ट्रार संवैधानिक निकाय र मन्तालयका योजना प्रमुख	रणनीतिक योजना उपर बाह्य सरोकारवालासँग छलफल	छलफल	चौथो रणनीतिक योजना तर्जुमा समिति	२०७७।१२।२०
११	विभिन्न	प्रदेश प्रमुख सचिव प्रदेश अर्थ सचिव प्रदेश लेखा समिति महानगरपालिका र उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत	रणनीतिक योजना उपर बाह्य सरोकारवालासँग छलफल	छलफल	चौथो रणनीतिक योजना तर्जुमा समिति	२०७७।१२।२३
१२	विभिन्न	डेपुटि गर्भनर, नेपाल चाटर्ड एकाउन्टेन्ट संस्था, लेखामान बोर्ड, लेखापरीक्षण बोर्ड, नागरिक समाज, कार्यालयका पूर्व पदाधिकारी	रणनीतिक योजना उपर बाह्य सरोकारवालासँग छलफल	छलफल	चौथो रणनीतिक योजना तर्जुमा समिति	२०७७।१२।२४
१३	विभिन्न	कार्यालयका कर्मचारीहरु	परामर्शदाताबाट NAMS Demo प्रस्तुतीकरण	प्रस्तुतीकरण	नीति येजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७८।२।१७ देखि २०७८।२।२१
१४	लेखापरीक्षण अधिकारी	श्री सन्तोष शर्मा सापकोटा	NFRS	तालिम	ADB Nepal	2021
१५	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल	NFRS	तालिम	ADB Nepal	2021
१६	लेखापरीक्षण अधिकारी	श्री शैलेन्द्र कुमार प्रसाई	NFRS	तालिम	ADB Nepal	2021
१७	लेखापरीक्षण अधिकारी	श्री कृष्ण भट्ट	NFRS	तालिम	ADB Nepal	2021
१८	लेखापरीक्षण अधिकारी	श्री शर्मिला बुढाथोकी	NFRS	तालिम	ADB Nepal	2021

२०७७ माघदेखि २०७८ श्रावणसम्म अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

सिं.नं.	पद	कर्मचारीको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
१	निर्देशक	श्री शंकर प्रसाद पन्थी श्री लोकनाथ घिमिरे	Biodiversity workshop	workshop	iCED	फेब्रुअरी २२-२४ २०२१	अनलाइन
२	लेखापरीक्षण अधिकारी	श्री विष्णुराज रिजाल श्री धरणीधर दाहाल					
३	निर्देशक	श्री प्रेम बहादुर मुङ्गमेन श्री शालिकराम घिमिरे	कार्यमुलक लेखापरीक्षण तालिम	तालिम	SAI Pakistan	फेब्रुअरी १५-मार्च ५ २०२१	अनलाइन
४	लेखापरीक्षण अधिकारी	श्री टीकानाथ अर्याल					
५	लेखापरीक्षण अधिकारी	श्री राजेश श्रेष्ठ	Blending Financing	Training	Convergence Canada		अनलाइन
६	नायव महालेखापरीक्षक	श्री पदमराज पौडेल	IFNFF	Workshop	UNDP	मार्च २९-३१ २०२१	अनलाइन
७	नायब महालेखापरीक्षक	श्री चन्दकान्त भण्डारी	TAI Audit	Regional mentor	IDI	2021-2022	अनलाइन
८	निर्देशक	श्री श्याम प्रसाद भण्डारी	PESA-P	Training	IDI	2021-2022	अनलाइन
९	निर्देशक	श्री कल्पना अर्याल पोखरेल	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१०	लेखापरीक्षण अधिकारी	श्री टीकानाथ अर्याल	PESA-P	Training	IDI	2021-2022	अनलाइन
११	लेखापरीक्षण अधिकारी	श्री विष्णु प्रसाद पौड्याल	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१२	लेखापरीक्षण अधिकारी	श्री रामचन्द्र ओझा	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१३	लेखापरीक्षण अधिकारी	श्री प्रमोद कुमार मण्डल	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१४	लेखापरीक्षण अधिकारी	श्री पिंकी कुमारी दास	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१५	लेखापरीक्षण अधिकारी	श्री जितेन्द्र श्रेष्ठ	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१६	लेखापरीक्षण अधिकारी	श्री नृपराज जोशी	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१७	लेखापरीक्षण अधिकारी	श्री अर्जुन गिरी	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१८	निर्देशक	श्री हुमनाथ सुवेदी	PESA-P	Training	IDI	2021-2022	अनलाइन
१९	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल	PESA-P	Training	IDI	2021-2022	अनलाइन

२०	लेखापरीक्षण अधिकारी	श्री ललिता ढुंगाना	PESA-P	Training	IDI	2021-2022	अनलाइन
२१	लेखापरीक्षण अधिकारी	श्री रस्मिता सिंखडा	PESA-P	Training	IDI	2021-2022	अनलाइन
२२	लेखापरीक्षण अधिकारी	श्री रामजतन ठाकुर	PESA-P	Training	IDI	2021-2022	अनलाइन
२३	लेखापरीक्षण अधिकारी	श्री डुन्नुराज भुषाल	PESA-P	Training	IDI	2021-2022	अनलाइन
२४	उप महालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	Seminar	25th Symposium	UN/IN-TOSAI	28-30 June 2021	अनलाइन
२५	नायव महालेखापरीक्षक	श्री घनश्याम पराजुली					
२६	निर्देशक	श्री सत्यनारायण थापा					
२७	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल					
२८	निर्देशक	श्री दुर्गा बहादुर बस्नेत	Seminar of Financial Accounting & Management for Officials of Development Countries	Seminar	Chinese Embassy	18th August to 31st August 2021	अनलाइन
२९	लेखापरीक्षण अधिकारी	श्री क्षेत्र बहादुर थापा					
३०		श्री कृष्णशरण कार्की					
३१		श्री निषभ शाक्य					
३२		श्री प्रसादु थारु					

२०७७ माघ देखि २०७८ असारसम्म रमाना भई जाने कर्मचारीको विवरण

क्र.सं.	पद	नाम	रमाना मिति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री शिवहरि पोखरेल	२०७७।११।१३	उपसचिवमा सिफारीश
२	कम्प्यूटर अपरेटर	श्री निमिता पोखरेल	२०७७।१२।२५	सरुवा
३	काउन्टर सहायक	श्री देवकी कुमारी गौतम	२०७८।०२।२४	बढुवा
४	सहायक कम्प्यूटर अपरेटर	श्री सुनिता तमाङ	२०७८।०२।२७	बढुवा
५	सहायक कम्प्यूटर अपरेटर	श्री मनोज कुमार मगर	२०७८।०२।२७	बढुवा
६	सहायक कम्प्यूटर अपरेटर	श्री अस्मिता तामाङ्ग	२०७८।०२।२७	बढुवा
७	सहायक कम्प्यूटर अपरेटर	श्री सुप्रिया लामा	२०७८।०२।२७	बढुवा
८	सहायक कम्प्यूटर अपरेटर	श्री शोभा कुमारी न्यौपाने	२०७८।०२।२७	बढुवा
९	सहायक कम्प्यूटर अपरेटर	श्री शान्ति दाहाल	२०७८।०२।३०	बढुवा
१०	सहायक कम्प्यूटर अपरेटर	श्री रम्भा श्रेष्ठ	२०७८।०२।२७	बढुवा
११	कम्प्यूटर अपरेटर	श्री शेर बहादुर बयक	२०७८।०२।३१	सरुवा
१२	सहायक कम्प्यूटर अपरेटर	श्री राम बहादुर विष्ट	२०७८।०३।०३	बढुवा
१३	सहायक कम्प्यूटर अपरेटर	श्री नगिना भण्डारी	२०७८।०२।२७	बढुवा
१४	सहायक कम्प्यूटर अपरेटर	श्री सुमित्रा बस्नेत	२०७८।०२।२६	बढुवा

२०७७ माघ देखि २०७८ असारसम्म रमाना भई आउने कर्मचारीहरुको विवरण

क्र.सं.	पद	नाम	हाजिरी मिति	कैफियत
१	कम्प्यूटर अपरेटर	श्री प्रेम प्रसाद पराजुली	२०७७।०९।२२	सरुवा
२	लेखापरीक्षण निरीक्षक	श्री बद्रीनाथ पौडेल	२०७८।०२।३०	बढुवा

२०७७ माघदेखि २०७८ श्रावणसम्म बढुवा भएका कर्मचारीको विवरण

क्र.सं.	पद	नाम	बढुवा मिति	कैफियत
१	निर्देशक	श्री कल्पना अर्याल	२०७७।१०।१५	बढुवा
२	निर्देशक	श्री श्रीधर प्रसाद पन्त	२०७७।१०।१५	बढुवा
३	निर्देशक	श्री विष्णुराज रिजाल	२०७७।१०।१५	बढुवा
४	निर्देशक	श्री छिरिङ तोप्के लामा तामाङ	२०७७।१०।१५	बढुवा
५	निर्देशक	श्री पुरुषोत्तम महर्जन	२०७८।०१।०२	बढुवा
६	निर्देशक	श्री दीनदयाल फुँयाल	२०७८।०१।०२	बढुवा
७	निर्देशक	श्री दामोदर अर्याल	२०७८।०१।०२	बढुवा
८	निर्देशक	श्री किशोर दुरा	२०७८।०१।०२	बढुवा
९	निर्देशक	श्री नारायण प्रसाद अधिकारी	२०७८।०१।०२	बढुवा
१०	लेखापरीक्षण अधीक्षक	श्री घनश्याम अधिकारी	२०७७।१२।३०	बढुवा
११	लेखापरीक्षण अधीक्षक	श्री शोभाकान्त पंगेनी	२०७७।१२।३०	बढुवा
१२	लेखापरीक्षण अधीक्षक	श्री सुमन काफ्ले	२०७७।१२।३०	बढुवा
१३	लेखापरीक्षण अधीक्षक	श्री मन्जुमाया मोक्तान	२०७७।१२।३०	बढुवा
१४	लेखापरीक्षण अधीक्षक	श्री राजीवकुमार यादव	२०७७।१२।३०	बढुवा
१५	लेखापरीक्षण अधीक्षक	श्री सुलोचना पाण्डे	२०७७।१२।३०	बढुवा
१६	कम्प्यूटर अपरेटर	श्री हर्कमान गर्बुजा	२०७८।०२।२६	बढुवा
१७	कम्प्यूटर अपरेटर	श्री कृष्णप्रसाद सापकोटा	२०७८।०२।२६	बढुवा
१८	कम्प्यूटर अपरेटर	श्री पुष्कर राज उपाध्याय	२०७८।०२।२६	बढुवा
१९	कम्प्यूटर अपरेटर	श्री बमु गिरी	२०७८।०२।२६	बढुवा
२०	कम्प्यूटर अपरेटर	श्री अनिल कुमार दहित	२०७८।०२।२६	बढुवा
२१	लेखापरीक्षण अधिकारी	श्री सुवास खनाल	२०७८।०४।२४	बढुवा
२२	लेखापरीक्षण अधिकारी	श्री राजु पाण्डे	२०७८।०४।२४	बढुवा
२३	लेखापरीक्षण अधिकारी	श्री जयानन्द पाण्डेय	२०७८।०४।२४	बढुवा
२४	लेखापरीक्षण अधिकारी	श्री ध्रुव शर्मा	२०७८।०४।२४	बढुवा
२५	लेखापरीक्षण अधिकारी	श्री रुद्रनाथ घिमिरे	२०७८।०४।२४	बढुवा

२६	लेखापरीक्षण अधिकारी	श्री बसन्ता पन्थी	२०७८।०४।२४	बढुवा
२७	लेखापरीक्षण अधिकारी	श्री कृष्णबहादुर खत्री	२०७८।०४।२४	बढुवा
२८	लेखापरीक्षण अधिकारी	श्री जयबहादुर वि.क.	२०७८।०४।२४	बढुवा

२०७७ माघ देखि २०७८ श्रावणसम्म अवकास भएका कर्मचारीको विवरण

क्र.सं.	पद	नाम	अवकाश मिति	कैफियत
१	निर्देशक	श्री मोहन कुमार पराजुली	२०७७।१०।२७	अनिवार्य अवकाश
२	निर्देशक	श्री तीर्थराज तण्डुकार	२०७८।०२।०८	अनिवार्य अवकाश
३	कार्यालय सहयोगी	श्री राम प्रसाद लम्साल	२०७८।०२।३०	अनिवार्य अवकाश
४	लेखापरीक्षण अधीक्षक	श्री कान्छा तामाङ	२०७८।०३।०९	अनिवार्य अवकाश
५	हलुका सवारी चालक	श्री उमेश प्रसाद पाठक	२०७८।०१।०१	राजिनामा
६	निर्देशक	श्री रमेश ढकाल	२०७८।०४।०५	राजिनामा
७	निर्देशक	श्री पुरुषोत्तम महर्जन	२०७८।०४।०७	अनिवार्य अवकाश
८	निर्देशक	श्री घनश्याम बजगाँई	२०७८।०४।२३	अनिवार्य अवकाश

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं. १९७७

स्वर्गारोहण:
वि.सं. २०७८

स्व. नरकान्त अधिकारी

नेपालका पूर्व महालेखापरीक्षक नरकान्त अधिकारीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१४, भाद्र २१

स्वर्गारोहण:
वि.सं.
२०७८, जेष्ठ १०

स्व. खेमप्रसाद दाहाल

यस कार्यालयका पूर्व कार्यवाहक महालेखापरीक्षक खेम प्रसाद दाहालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९१, जेठ २२

स्वर्गारोहण:
वि.सं.
२०७७, फाल्गुन २३

स्व. सोमनाथ गौतम

यस कार्यालयका उपमहालेखापरीक्षक श्री बाबुराम गौतमका पूजनीय पिता सोमनाथ गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.

स्वर्गारोहण:
वि.सं.
२०७८, जेष्ठ २२

स्व. माधवप्रसाद घिमिरे

माननीय महालेखापरीक्षकज्यूको अध्यक्षतामा गठित लेखापरीक्षण सल्लाहकार समितिका सदस्य एवं नेपाल सरकारका पूर्व सचिव माधवप्रसाद घिमिरेको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं. १९९१

स्वर्गारोहण:
वि.सं.
२०७८, वैशाख २०

स्व. शिवप्रसाद पौडेल

यस कार्यालयका नायब महालेखापरीक्षक श्री पदमराज पौडेलका पूजनीय पिता शिव प्रसाद पौडेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
१९८८

स्वर्गारोहण:
वि.सं.
२०७७, फाल्गुन ४

स्व. चन्द्रप्रसाद दाहाल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री कृष्ण प्रसाद दाहालका पूजनीय पिता चन्द्र प्रसाद दाहालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२०११

स्वर्गारोहण:
वि.सं.
२०७८, जेष्ठ ३

स्व. मोहनकृष्ण श्रेष्ठ

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री महेश श्रेष्ठका पुजनीय पिता मोहनकृष्ण श्रेष्ठको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२००८, श्रावण २७

स्वर्गारोहण:
वि.सं.
२०७८, जेष्ठ ९

स्व. नेपाली प्रसाद चौधरी

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री कविता चौधरी र श्री सविता चौधरीका पूजनीय पिता नेपाली प्रसाद चौधरीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१८, भाद्र १८

स्वर्गारोहण:
वि.सं.
२०७५, मंसिर ३

स्व. देवी प्रसाद पोर्तेल

यस कार्यालयका कम्प्युटर अपरेटर श्री गोपाल पोर्तेलका पूजनीय पिता देवी प्रसाद पोर्तेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२००४, पौष ५

स्वर्गारोहण:
वि.सं.
२०७८, जेष्ठ २७

स्व. रुखिया चौधरी

यस कार्यालयका हलुका सवारी चालक श्री पवन चौधरीका ममतामयी आमा रुखिया चौधरीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखापरीक्षकको कार्यालय

बरमहल काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न संघप्रदेश र स्थानीय तह अन्तर्गत लेखापरीक्षण कार्य सञ्चालन हुन गइरहेको छ । यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लेखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन हार्दिक अनुरोध गरिन्छ । साथै, यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय रगुणस्तरीय लेखापरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना:

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।

पोष्टबक्स नं. १४४२८

फोन नं. ०१-४२६२९५८, ४२१२५४४, ४२६२७९८, ४२६२३८२

फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९

इमेल: oagnep@ntc.net.np, info@oag.gov.np वेभसाइट : www.oag.gov.np